# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**२०६२ सालको अध्यादेश नं. २८**

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## सुरक्षित कारोबारका सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश

**प्रस्तावना:** देशको आर्थिक विकासका लागि आर्थिक क्रियाकलापको अधिकतम प्रवर्द्धन गर्न सुरक्षित कारोबारका सम्बन्धमा एकीकृत कानूनी व्यवस्था गरी चल तथा अमूर्त सम्पत्ति उपरको दायित्व परिपालन गर्ने गराउने व्यवस्था तत्काल गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "सुरक्षित कारोबार अध्यादेश, २०६२" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "अदालत" भन्नाले श्री ५ को सरकारले सर्वोच्च अदालतको सहमति लिई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अदालतको बाणिज्य इजलास सम्झनु पर्छ ।

(ख) "अधिकारपत्र"(इन्स्ट्रुमेन्ट) भन्नाले नियमित व्यावसायिक कारोबारको सिलसिलामा दरपिठ वा हस्तान्तरणको माध्यमबाट अरुलाई प्रदान गर्न सकिने लिखत तथा शेयर प्रमाणपत्र सम्झनु पर्छ र सो शब्दले नगद भुक्तानीको हक प्रमाणित गर्ने जुनसुकै लिखत समेतलाई जनाउँछ ।

तर सो शब्दले धितो वा पट्टा सम्झौतालाई जनाउने छैन ।

(ग) "अमूर्त सम्पत्ति" (इन्टयान्जिबलप्रपर्टी ) भन्नाले कानूनी हक सृजना गर्ने मालसामान, बहीखाता, सुरक्षित बिक्री करार, लिखत, अधिकारपत्र र मुद्रा बाहेकका अन्य चल सम्पत्ति सम्झनु पर्छ ।

(घ) "अभिलेख" भन्नाले आवश्यकतानुसार हेर्न, देख्न, खोल्न वा प्राप्त गर्न सकिने किसिमले कुनै लिखत वा विद्युतीय वा अन्य माध्यमद्धारा संचित गरी राखिएको जानकारी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्झनु पर्छ र सो शब्दले यस अध्यादेश बमोजिमको सूचना समेतलाई जनाउँछ ।

(ङ) "उपभोग्य वस्तु" भन्नाले व्यक्तिगत, पारिवारिक वा घरायसी प्रयोजनका लागि उपयोग गरिने जुनसुकै मालसामान सम्झनु पर्छ ।

तर सो शब्दले क्रमसंख्या अंकित सवारी साधनलाई जनाउँने छैन ।

(च) "उपकरण" (इक्वीपमेन्ट) भन्नाले कृषिजन्य उत्पादन, मौज्दातमा रहेको मालसामान वा उपभोग्य वस्तु बाहेकका अन्य मालसामान सम्झनु पर्छ ।

(छ) "क्रमसंख्या अंकित सवारी साधन" भन्नाले धितो दिने व्यक्तिको मौजदातमा रहेको बाहेकका अन्य सवारी साधन, सवारी साधनको टेलर, हवाईजहाज वा यन्त्र जडित डुंगा सम्झनु पर्छ ।

(ज) "कृषिजन्य उत्पादन" भन्नाले कृषि व्यवसायमा संलग्न धितो दिने व्यक्तिको कटान नगरिएका रुख बाहेकका देहायका मालसामान सम्झनु पर्छ :-

(१) हुर्केको, हुर्कदै गरेको वा पछि हुर्कने बालीनाली,

(२) पानीमा उत्पादित जलचर,

(३) घर पालुवा पशु पंक्षी (भविष्यमा जन्मने समेत),

(४) खेतीपातीको सिलसिलामा प्रयोग भएको वा सोबाट उत्पादन भएका मालसामानहरु ,

(५) बालीनाली वा घरपालुवा पशुबाट उत्पादित तयारी अवस्थामा नपुगेका उत्पादनहरु ।

(झ) "खरिद मूल्य सम्बन्धी धितोको हक" (पर्चेज मनी सेक्यूरिटी इन्ट्रेस्ट) भन्नाले देहायको हदसम्मको कुनै पनि धितोको हकलाई खरिद मूल्य सम्बन्धी धितोको हक सम्झनु पर्छ:-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) मालसामानको पूरा वा आंशिक मूल्य सुरक्षित गर्न सोको विक्रेताले सो हक लिएको वा आफूसँग निहित राखेको, वा

(२) विक्रेता बाहेक अन्य व्यक्तिले धितोलिने व्यक्तिलाई मालसामान वा सोको प्रयोग उपर हक प्राप्त गराउन मूल्य वा प्रतिफल दिई निजले सो मालसामान उपर धितोको हक लिएको र त्यस्तो मूल्य वा प्रतिफल जुन प्रयोजनका लागि लिएको हो सो वापत नै प्रयोग गरेको ।

(ञ) "जडित सामान" (फिक्सचर) भन्नाले प्रचलित कानून बमोजिम सम्पत्ति सम्बन्धी अधिकार सृजना हुने अचल सम्पत्तिमा जडान गरिएको वा जडान गर्ने अभिप्रायले राखिएका मालसामान सम्झनु पर्छ ।

तर सो शब्दले सजिलै हटाउन वा झिक्न सकिने कारखानाको मेशिन, कार्यालय मेशिन वा घरेलु उपयोगका मालसामानहरु जडित सामानमा पर्ने छैन ।

(ट) "जमानत" भन्नाले भुक्तानीको दायित्व वा प्रतितपत्र अर्न्तगत जारी गर्ने व्यक्तिको भुक्तानीको दायित्व जस्ता सहायक दायित्व सम्झनु पर्छ र सो शब्दले बहीखाता, सुरक्षित बिक्री करार, लिखत, अधिकारपत्र वा अन्य अमूर्त सम्पत्तिका सम्बन्धमा भुक्तानी गराउन सहयोग पुऱ्याउने दायित्व समेतलाई जनाउँछ ।

(ठ) "दर्ता कार्यालय" भन्नाले दफा ४ बमोजिम स्थापना भएको सुरक्षित कारोबार दर्ता कार्यालय सम्झनु पर्छ ।

(ड) "दायित्व बहनगर्ने व्यक्ति" भन्नाले बहीखाता, सुरक्षित बिक्री करार वा अन्य अमूर्त सम्पत्तिका सम्बन्धमा दायित्व पूरा गर्नुपर्ने व्यक्ति सम्झनु पर्छ ।

(ढ) "धितोलिने व्यक्ति" भन्नाले धितोको सम्झौता बमोजिम धितोको हक प्राप्त गर्ने ऋण वा उधारो दिने व्यक्ति वा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बिक्रेता वा अन्य व्यक्ति सम्झनु पर्छ र सो शब्दले बहीखाता वा सुरक्षित बिक्री करार खरिद गर्ने व्यक्ति र मालसामान पट्टामा दिने व्यक्ति समेतलाई जनाउँछ ।

(ण) "धितोदिने व्यक्ति" भन्नाले धितोको सम्पत्तिमा आफ्नो स्वामित्व वा अधिकार भए वा नभए पनि कुनै भुक्तानी दिनु पर्ने वा सुरक्षित दायित्व सम्पन्न गर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले बहीखाता वा सुरक्षित बिक्री करारको बिक्रेता तथा मालसामान पट्टामा लिने व्यक्ति समेतलाई जनाउँछ ।

(त) "धितोको सम्पत्ति" भन्नाले धितोको हकसँग सरोकार भएको कुनै पनि प्रकृतिको अमूर्त सम्पत्ति, जडित सामान, काट्नु पर्ने रुख, उत्खनन गर्नु पर्ने खनिज जस्ता चल सम्पत्ति सम्झनु पर्छ र सो शब्दले भविष्यमा सृजना हुने धितोको सम्पत्ति, मुलुकभित्र वा बाहिर रहेको धितोको सम्पत्ति, बिक्री गरिएको बहीखाता वा सुरक्षित बिक्री करार, पट्टामा दिएको मालसामान तथा धितोको सम्पत्तिबाट प्राप्त लाभ समेतलाई जनाउँछ ।

(थ) "धितो सम्बन्धी सम्झौता" भन्नाले धितोको हकको सृजना गर्ने वा सोको व्यवस्था गर्ने सम्झौता सम्झनु पर्छ ।

(द) "धितोको हक" (सेक्युरिटी इन्टरेस्ट) भन्नाले कुनै दायित्वको परिपालना सुरक्षित गर्नेगरी धितोको सम्पत्ति माथि रहेको सम्पत्ति सम्बन्धी अधिकार सम्झनु पर्छ ।

(ध) "नियमित व्यावसायिक कारोबारको सिलसिलाका खरिदकर्ता" (वायर् इन द अर्डनरी कोर्स अफ विजनेश)" भन्नाले नियमित रुपमा एकै किसिमका मालसामान बिक्री गर्ने व्यक्तिबाट त्यस्तो मालसामान खरिदगर्दा सो मालसामानमाथि रहेको अरु व्यक्तिको अधिकारमा असर पर्न सक्ने भन्ने कुरा थाहा नपाई असल नियतले खरिद गर्ने व्यक्ति सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(न) "नियमित व्यावसायिक कारोबारको सिलसिलामा पट्टा लिने व्यक्ति" (लेसी इन द अर्डनरी कोर्स अफ विजनेस) भन्नाले नियमति रुपमा एकै प्रकृतिको मालसामान बिक्रीगर्ने वा पट्टा दिने व्यवसायमा संलग्न व्यक्तिबाट अन्य तेस्रो व्यक्तिको स्वामित्व सम्बन्धी अधिकारमा वा धितोको हक वा पट्टा सम्बन्धी हकमा हनन हुन सक्छ भन्ने कुरा थाह नपाई असल नियतले त्यस्तो मालसामान पट्टामा लिने व्यक्ति सम्झनु पर्छ ।

(प) "खरिदकर्ता" (पर्चेजर) भन्नाले कुनै पनि किसिमले कुनै सम्पत्ति प्राप्तगर्ने वा त्यस्तो सम्पत्तिमा हक प्राप्त गर्ने व्यक्ति सम्झनु पर्छ ।

(फ) "बहीखाता (एकाउन्ट)" भन्नाले अधिकारपत्र वा सुरक्षित बिक्री करारबाट प्रमाणित नभएको, बिक्री गरिएको वा पट्टामा दिएको मालसामान वा प्रदान गरिएको सेवा वापत भुक्तानी पाउने अधिकार सृजना खाता सम्झनु पर्छ ।

(ब) "मौज्दातमा रहेको मालसामान" भन्नाले कुनै व्यापार, व्यवसायमा बिक्री वा पट्टामा दिनका लागि राखिएका मालसामान सम्झनु पर्छ र सो शब्दले कुनै उद्यम वा व्यवसायमा प्रयोग हुने कच्चा पदार्थ, अर्ध-तयारी, तयारी वा त्यस्ता उद्यम वा व्यवसायमा प्रयोग गरिएका वा उपभोग गरिएको मालसामान समेतलाई जनाउँछ ।

(भ) "मूल्य" भन्नाले सम्झौता बमोजिम दिइएको वा दिइने प्रतिफल सम्झनु पर्छ ।

(म) "मालसामान" भन्नाले धितोको हक आवद्ध हुंदाका बखत चल रुपमा रहेको सबै प्रकारका वस्तुहरु सम्झनु पर्छ र सो शब्दले जडित सामान, बिक्री गर्ने प्रयोजनका लागि कटान गरिने रुख तथा कृषिजन्य उत्पादन समेतलाई जनाउँछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर सो शब्दले बहीखाता, सुरक्षित बिक्री करार, मुद्रा, लिखत वा अधिकारपत्रलाई जनाउँने छैन ।

(य) "मालसामानको पट्टा" भन्नाले देहायको मालसामानको पट्टा सम्झनु पर्छ :-

(१) एक बर्ष भन्दा बढी समयको लागि गरिएको मालसामानको पट्टा,

(२) अनिश्चित अवधिको लागि दिइएको मालसामानको पट्टा,

(३) शुरुमा एक वर्ष वा सोभन्दा कम अवधिको लागि मालसामानको पट्टा दिईएकोमा पट्टा दिने व्यक्तिको सहमती बमोजिम पट्टा लिने व्यक्तिले मालसामानमा कब्जा प्राप्त गरेको समयबाट एक बर्षभन्दा बढी अवधिसम्म अविच्छिन्न रुपमा त्यस्तो मालसामान कब्जामा लिएको भएमा,

तर पट्टामा लिने व्यक्तिले त्यस्तो पट्टामा लिएको मालसामान एक बर्षभन्दा बढी अवधिको लागि आफ्नो कब्जामा राखेको छैन भने त्यस्तो मालसामान एक बर्षभन्दा बढी अवधिको लागि पट्टामा दिएको मानिने छैन ।

(४) कुनै मालसामान एक बर्ष वा सोभन्दा कम अवधिको लागि पट्टामा दिएको भएतापनि एक बर्षभन्दा बढी अवधिको लागि नवीकरणगर्न सकिने प्रावधान त्यस्तो पट्टामा गरिएको भएमा ।

(र) "रजिष्ट्रार" भन्नाले दफा ४ को उपदफा (३) बमोजिम नियुक्त वा तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(ल) "लियन होल्डर " भन्नाले देहायका व्यक्तिहरु सम्झनु पर्छ :-

(१) अदालत, प्रचलित कानून बमोजिम अधिकारप्राप्त अधिकारी वा दामासाही सम्बन्धी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रचलित कानून बमोजिम दामासाही सम्बन्धी व्यवसायीको आदेशबाट धितो लिने व्यक्तिको धितोको सम्पत्तिमा हक प्राप्तगर्ने वा त्यस्तो धितोको सम्पत्ति कब्जा गर्न पाउने अधिकार प्राप्त व्यक्ति,

(२) कुनै धितोको सम्पत्तिमा नियन्त्रण राख्ने व्यक्ति बाहेक कानूनको कार्यान्वियनको सिलसिलामा धितोलिने व्यक्तिको धितोको सम्पत्तिमा अधिकार प्राप्तगर्ने अन्य व्यक्ति ।

(व) "लिखत" भन्नाले मालसामानको ढुवानी वा भण्डारणको व्यवसाय गर्ने व्यक्तिले जारी गरेको बाहकपत्र (बिल अफ लेडिङ्ग), गोदामघर, दाखिला रसिद जस्ता हकको लिखत वा भरपाई सम्झनु पर्छ ।

(श) "लाभ" (प्रोसिस्डस) भन्नाले देहाय बमोजिमको काम कारबाहीबाट प्राप्त भएको वा हुने लाभ संझनु पर्छ:-

(१) धितोको सम्पत्तिको बिक्री, पट्टा, इज़ाजतपत्र, विनिमय वा अन्य कुनै किसिमले हुने हक हस्तान्तरणबाट भएको कुनै पनि किसिमको प्राप्ती,

(२) धितोको सम्पत्तिका सम्बन्धमा संकलन वा वितरणबाट भएको कुनै पनि प्राप्ती,

(३) धितोको सम्पत्तिबाट सृजित अधिकार,

(४) धितो सम्पत्तिको मूल्यको हदसम्म धितोमा हुन गएको हानि, नोक्सानी, त्रुटी वा धितोको सम्पत्तिको शर्तको उल्लघंनबाट उत्पन्न भएको हानि नोक्सानी वापतको दावी,

(५) धितोको सम्पत्तिको मूल्यको हदसम्म तथा धितोदिने व्यक्ति वा धितो लिने व्यक्तिलाई भुक्तानी गर्नुपर्ने हदसम्म धितोमा हुन गएको हानि, नोक्सानी वा क्षतीको कारणबाट वा धितोको सम्पत्तिको शर्तको उल्लघंन भएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारणबाट प्राप्त हुने भुक्तानीयोग्य बीमा रकम ।

(ष) "नगद लाभ" भन्नाले मुद्रा, चेक वा निक्षेप जस्ता लाभ सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकारका अन्य नगद लाभ समेतलाई जनाउँछ ।

(स) "संकेत चिन्ह" भन्नाले हस्ताक्षर गर्ने पक्षको पहिचान गर्ने वा अभिलेखको आधिकारिता ग्रहण वा स्थापित गर्ने उद्देश्यले कुनै पनि माध्यमबाट नाम वा संकेत ग्रहण वा कार्यान्वयन गर्ने काम सम्झनु पर्छ ।

तर सो शब्दले हातले नै हस्ताक्षर गर्नुपर्ने बाध्यतालाई जनाउने छैन ।

(ह) "सम्पत्ति प्राप्त गर्ने कार्य" भन्नाले खरिदकर्ता, दान प्राप्तगर्ने, धितोलिने वा बन्धकी लिने व्यक्तिका रुपमा सुरक्षण प्राप्तगर्ने व्यक्तिले सम्पत्ति लिने वा अन्य कुनै स्वेच्छिक कारोबारबाट सम्पत्ति उपर हक सृजना गर्ने कार्य सम्झनु पर्छ ।

(क्ष) "सूचना" भन्नाले दर्ता कार्यालयमा दर्ता गरिएको वा दर्ताको लागि पेश गरिएको अभिलेख सम्झनु पर्छ र सो शब्दले दर्ता गरिएको वा दर्ताको लागि पेश गरिएको संशोधन, निरन्तरताको विवरण र समाप्तीको विवरण समेतलाई जनाउँछ ।

(त्र) "सुरक्षित बिक्री करार" भन्नाले मालसामान वा पट्टामा लिएको मालसामान उपर ऋण दायित्व तथा धितोको हक सृजना गर्ने अभिलेख सम्झनु पर्छ ।

(ज्ञ) "हस्तान्तरण" भन्नाले एक व्यक्तिबाट अर्को व्यक्तिमा पूर्ण वा आंशिक रुपमा हस्तान्तरण हुने बहीखाता, सुरक्षित बिक्री करार, अधिकारपत्र, लिखतमा रहेको भुक्तानीको अधिकार वा भुक्तानी पाउने अन्य अधिकार सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(कक) "हस्तान्तरण गरी लिने व्यक्ति" भन्नाले अधिकार वा भुक्तानी हस्तान्तरण गरी लिने व्यक्ति सम्झनु पर्छ।

(कख) "हस्तान्तरण गरी दिने व्यक्ति" भन्नाले अधिकार वा भुक्तानी हस्तान्तरण गरी दिने व्यक्ति सम्झनु पर्छ।

३. **यो अध्यादेश लागू हुने:** (१) देहायका कारोबारका सम्बन्धमा यो अध्यादेश लागू हुनेछ:-

(क) धरौटी (प्लेज), बन्धकी(हाइपोथिकेसन) तथा हायर पर्चेज लगायत धितोको सम्पत्तिबाट दायित्व सुरक्षित गर्ने प्रयोजनका लागि गरिने सम्पूर्ण कारोबार,

(ख) बहीखाता र सुरक्षित बिक्री करारको बेच बिखन, र

(ग) मालसामानको पट्टा।

(२) पक्षहरुका बीचमा भएको सम्झौतामा जुनसुकै कुरा लेखिएको भएतापनि वा धितोको सम्पत्तिमा स्वामित्वको अधिकार धितोलिने वा धितोदिने व्यक्ति जोसँग रहेको भएतापनि उपदफा (१) मा उल्लिखित कारोबारहरुका सम्बन्धमा यो अध्यादेश लागू हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका कारोबारका सम्बन्धमा यो अध्यादेश लागू हुने छैन :-

(क) कर्मचारीको क्षतिपूर्तिको दावीको हस्तान्तरण।

(ख) कुनै व्यवसायको बिक्रीको सिलसिलामा सो व्यवसायसँग सम्बन्धित बहीखाता वा सुरक्षित बिक्री करारको बिक्री

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको रहेछ भने त्यस्तो बिक्री सम्बन्धमा ।

(ग) संकलनको प्रयोजनको लागि हस्तान्तरण गरिएको बहीखाता, सुरक्षित बिक्री करार वा अधिकारपत्र सम्बन्धमा, र

(घ) कुनै करार अर्न्तगत परिपालन गर्नुपर्ने समेत दायित्व भएको हस्तान्तरण गरी लिने व्यक्तिले सोही करार अर्न्तगत भुक्तानी पाउने अधिकारको हस्तान्तरण सम्बन्धमा ।

## परिच्छेद-२

## सुरक्षित कारोबार सम्बन्धी दर्ता कार्यालयको स्थापना र सञ्चालन

४. दर्ता कार्यालयको स्थापनाः (१) यस अध्यादेश बमोजिमको सूचनाहरु दर्ता गर्नको लागी श्री ५ को सरकारले सुरक्षित कारोबार दर्ता कार्यालय नाम गरेको एउटा दर्ता कार्यालयको स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता कार्यालयको स्थापना नभएसम्मको लागि श्री ५ को सरकारले यस अध्यादेश बमोजिम सूचनाहरु दर्ता गर्ने काम गर्नको लागि कुनै कार्यालयलाई तोक्न सक्नेछ ।

(३) दर्ता कार्यालयको काम कारबाहीलाई व्यवस्थित गर्न श्री ५ को सरकारले कम्तिमा राजपत्रांकित व्दितीय श्रेणी वा सो सरहको कर्मचारीलाई रजिष्ट्रारको रुपमा नियुक्ति गर्न वा तोक्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नियुक्त वा तोकिएको रजिष्ट्रारले यस अध्यादेश बमोजिम तोकिएका काम तथा कर्तव्य पूरा गर्नु पर्नेछ ।

५. दर्ता कार्यालयको काम, कर्तव्य र अधिकारः (१) दर्ता कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सूचना वा सूचनासँग सम्बन्धित कुन संशोधन, सूचनाको निरन्तरता सम्बन्धी विवरण, सूचनाको समाप्ती सम्बन्धी विवरण, त्रुटी सच्याउने विवरण तथा लियन होल्डरको हक सम्बन्धी सूचनाहरु दर्तागर्नका लागि विद्युतीय प्रविधिद्धारा सञ्चालन हुनेगरी दर्ता अभिलेख खडागर्ने र सोको सञ्चालन तथा संभार गर्ने ।

(ख) कुनै पनि व्यक्तिले अनुरोध गरेमा निजलाई यस अध्यादेशमा व्यवस्था भए बमोजिम दर्ता कार्यालयको अभिलेखबाट जानकारी उपलब्ध गराउने ।

(ग) प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफूले गरेको कामको बार्षिक प्रतिवेदन प्रकाशन गर्ने ।

(२) दर्ता कार्यालयले गर्ने कुनै वा सबै काम कारबाही गर्नका लागि श्री ५ को सरकारले कुनै निजी निकायसँग सम्झौता गरी त्यस्तो निकाय मार्फत दर्ता कार्यालयले गर्नु पर्ने काम कारबाही पूरागर्न आवश्यकता अनुसार सहयोग लिन सक्नेछ । दर्ता कार्यालयले त्यस्तो निकायसँग सम्झौता गर्नु अघि त्यस्तो निकाय देहाय बमोजिम सक्षम भए नभएको कुरामा ध्यान दिनु पर्नेछ :-

(क) सूचना दर्ता सम्बन्धी काममा दर्ता कार्यालयलाई सघाउ पुर्‍याउन त्यस्तो निकायसंग आवश्यक साधन, जनशक्ति, आर्थिक तथा प्राविधिक साधन पर्याप्त भए नभएको ।

(ख) दर्ता कार्यालयले राखेको विद्युतीय रजिष्ट्रीमा उपयुक्त व्यावसायिक प्रचलन अनुरुप पहुच राख्न सक्ने क्षमता भए नभएको ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.. **कार्यालयको सूचनामा पहुंचको अधिकार** (१) यस अध्यादेश बमोजिम दर्ता भएको सूचनासँग सम्बन्धित जानकारी सार्वजनिक अभिलेखको रुपमा रहनेछ ।

(२) दर्ता कार्यालयले सूचनाका सम्बन्धमा कुनै ढाचां वा माध्यमद्वारा तयार पारेको सूचिपत्रहरु तथा अन्य अभिलेखहरु समेत सार्वजनिक अभिलेखको रुपमा रहनेछ ।

(३) प्रत्येक व्यक्तिलाई दर्ता कार्यालयमा रहेको उपदफा (१) वा (२) बमोजिमका अभिलेख हेर्ने र सोको आवश्यक प्रतिलिपि प्राप्त गर्ने अधिकार हुनेछ ।

७. **प्रारम्भिक सूचनाका विषयवस्तुहरुः** (१) प्रारम्भिक सूचनामा कम्तिमा देहायका कुराहरु उल्लेख भएको हुनु पर्नेछ :-

(क) धितोदिने व्यक्तिको नाम, ठेगाना र अन्य विवरण,

(ख) धितोलिने व्यक्ति वा निजको प्रतिनिधिको नाम, ठेगाना र अन्य विवरण,

(ग) धिताको सम्पत्तिसँग सम्बन्धित विवरण ।

तर त्यस्तो सूचना कटान गरिने रुख, उत्खनन गरिने खनिज पदार्थ वा धितोको सम्पत्तिमा जडित सामानसँग सम्बन्धित भएमा सम्बन्धित अचल सम्पत्तिको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

(२) धितो दिने व्यक्ति वा निजले अख्तियारी दिएको व्यक्तिले निजको तर्फबाट यस अध्यादेश बमोजिम प्रारम्भिक सूचना दर्ता कार्यालय समक्ष दर्तागर्न सक्नेछ । धितो दिने व्यक्तिले अख्तियारी दिएको लिखत त्यस्तो सूचनामा समावेश हुन आवश्यक छैन ।

(३) धितोदिने व्यक्तिले धितो सम्बन्धी सम्झौता सम्पन्न गरेको अवस्थामा त्यस्तो सम्झौतामा उल्लिखित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



मुद्रण विभाग, सिंहदरबार

धितोको सम्पत्ति र त्यस्तो धितोको सम्पत्तिबाट प्राप्त लाभका सम्बन्धमा सो सम्झौतामा स्पष्ट व्यवस्था भएको वा नभएको जेसुकै भएतापनि त्यस्तो धितोको सम्पत्ति वा सोबाट प्राप्त लाभसँग सम्बन्धित प्रारम्भिक सूचना वा संशोधन दर्ता समेतको काम गर्न पाउने गरी अख्तियारी प्रदान गरेको मानिनेछ।

(४) यस दफा बमोजिम प्रारम्भिक सूचना धितो सम्बन्धी सम्झौता सम्पन्न हुनु अगावै वा धितोको हक आवद्ध हुनु अगावै दर्ता गर्न सकिनेछ।

(५) कुनै प्रारम्भिक सूचनामा यस दफा बमोजिम उल्लेख गर्नुपर्ने कुनै कुरा उल्लेख हुन नसकेको भएतापनि सो सूचनाले यस परिच्छेदमा उल्लेख भएका अन्य शर्तहरु पूरा गरेको भएमा र त्यस्तो सूचनाको भ्रामक अर्थ नलाग्ने भएमा यस अध्यादेश बमोजिम प्रभावकारी भएको मानिनेछ।

८. **सूचनामा उल्लिखित नामको पर्याप्तता :** (१) सूचनामा देहायका कुराहरु उल्लेख भएमा धितोदिने व्यक्तिको नाम सो सूचनामा पर्याप्त रुपमा खुलाएको मानिनेछ :-

(क) धितोदिने व्यक्ति प्राकृतिक व्यक्ति भए निजले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित नागरिकता नम्बर त्यस्तो सूचनामा उल्लेख गरिएको भए।

(ख) धितोदिने व्यक्ति गैर-नेपाली नागरिक भए निजले प्राप्त गरेको राहदानीमा उल्लिखित नाम र सो राहदानी जारी गर्ने देशको नाम तथा नम्बर त्यस्तो सूचनामा उल्लेख गरिएको भए।

(ग) धितोदिने व्यक्ति प्रचलित कानून बमोजिम स्थापना भएको सँगठित संस्था भए प्रचलित कानून बमोजिम स्थापना भई मान्यता प्राप्त गरेको नाम त्यस्तो सूचनामा उल्लेख गरिएको भए।

(घ) धितोदिने व्यक्ति प्रचलित कानून बमोजिम नेपाल अधिराज्यभित्र व्यवसाय सञ्चालन गर्न मान्यताप्राप्त विदेशी सँगठित संस्था भए त्यस्तो संस्थाले नेपाल अधिराज्यभित्र कारोबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सञ्चालन गर्न प्रचलित कानून बमोजिम मान्यता प्राप्त गरेको नाम त्यस्तो सूचनामा उल्लेख गरिएको भए ।

(ङ) धितो दिने व्यक्ति प्रचलित कम्पनी कानून अन्तर्गत दर्ता नभएको तर प्रचलित कम्पनी कानून बमोजिम नेपाल अधिराज्यभित्र व्यवसाय सञ्चालन गर्न पाउने विदेशी संगठित संस्था भए त्यस्तो संगठित संस्था संस्थापना भएको देशको प्रचलित कानून बमोजिम मान्यताप्राप्त नाम त्यस्तो सूचनामा उल्लेख गरिएको भए ।

(२) सूचनामा धितोदिने व्यक्तिको नाम पर्याप्त रुपमा खुलाइएको अवस्थामा त्यस्तो सूचनामा धितोदिने व्यक्तिको व्यापारिक नाम वा अन्य कुनै नाम उल्लेख नभएको कारणले मात्र त्यस्तो सूचना प्रभावकारी नभएको मानिने छैन ।

तर सूचनामा धितोदिने व्यक्तिको व्यापारिक नाम मात्र उल्लेख भएको अवस्थामा त्यस्तो सूचनामा धितो दिने व्यक्तिको नाम पर्याप्त रुपमा उल्लेख गरेको मानिने छैन।

(३) सूचनामा एकभन्दा बढी धितोदिने व्यक्तिको नाम र एकभन्दा बढी धितोलिने व्यक्तिको नाम उल्लेख गर्न सकिनेछ ।

(४) सूचनामा कुनै व्यक्ति धितोलिने व्यक्तिको प्रतिनिधि हो भन्ने कुरा खुलाउन नसकेको कुराले मात्र सो सूचनाको पर्याप्ततामा कुनै असर पार्ने छैन ।

९. **सूचनाको परिर्वतनबाट उत्पन्न असर** (१) धितोको सम्पत्ति बिक्री, विनिमय गरिएको, पट्टा वा इजाजतमा दिइएको वा कुनै पनि किसिमले हस्तान्तरण गरिएको भएमा धितोदिने व्यक्तिले त्यसरी हस्तान्तरण भएको कुरा थाहा पाएको वा सो हस्तान्तरण गर्नमा मन्जूरी दिएको भएतापनि सो धितोको सम्पत्तिको सम्बन्धमा दर्ता गरिएको सूचना त्यस्तो हस्तान्तरण पछि पनि मान्य रही रहनेछ।

(२) यस अध्यादेश बमोजिम दर्ता गरिएको सूचना गम्भीर रुपमा भ्रमपूर्ण हुनेगरी धितो दिने व्यक्तिले आफ्नो नाम परिवर्तन गरेमा पनि त्यस्तो नाम परिवर्तन गरेको मिति भन्दा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अगाडि वा सो मितिले चार महिनाको अवधिभित्र धितोदिने व्यक्तिले प्राप्त गरेको सम्पत्तिको सम्बन्धमा धितोको हक परिपक्व गराउन दर्ता गरेको त्यस्तो सूचना मान्य रहिरहनेछ । नाम सच्याउने प्रयोजनका लागि नाम परिवर्तन गरिएको चार महिनाभित्र त्यस्तो संशोधन पेशगरी सो नाम सच्याएमा मात्र नाम परिवर्तन गरिएको चार महिना पछि धितोदिने व्यक्तिले प्राप्त गरेको धितोको सम्पत्तिमा धितोको हक परिपक्व गर्न त्यस्तो सूचना मान्य रहिरहेको मानिनेछ ।

(३) उपदफा (२) बमोजिम धितोदिने व्यक्तिको नाम परिवर्तनगर्ने सम्बन्धमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक कुनै सूचना दर्तागरी सकेपछिको परिस्थितिमा भएको परिवर्तनले सो सूचनालाई गम्भीर रुपमा भ्रमपूर्ण बनाएको अवस्थामा समेत सो सूचना मान्य रहिरहनेछ ।

१०. **सूचनाको अवधि र सोको समाप्तीबाट पर्ने असर:** (१) यस अध्यादेश बमोजिम दर्ता गरिएको सूचना दर्ता गरेको मितिले पाँच बर्षको अवधिसम्म बहाल रहनेछ । यसरी दर्ता गरिएको सूचनाको अवधि समाप्त हुनु अगावै निरन्तरताको विवरण दर्ता नगरिएमा त्यस्तो सूचना पाच बर्षको अवधि समाप्त भएपछि मान्य हुने छैन ।

(२) दर्ता बिना नै धितोको हक परिपक्व भएकोमा बाहेक सूचना बहाल रहने समयावधि समाप्त भए पछि सूचना अमान्य हुनेछ र सो सूचनाबाट परिपक्व गराइएको धितोको हक अपरिपक्व हुनेछ ।

(३) सूचना वहाल रहने समयावधि समाप्त भएको कारणले कुनै धितोको हक अपरिपक्व भएमा त्यस्तो सूचना समाप्त हुनभन्दा अघि वा पछि मूल्य तिरी धितोको सम्पत्ति प्राप्त गर्ने व्यक्तिका बिरुद्ध धितोको हक कुनै पनि अवस्थामा परिपक्व भएको मानिने छैन ।

११. **सूचनामा उल्लिखित धितो दिने व्यक्तिको नाम:** (१) यस अध्यादेश बमोजिम दर्ता गरिएको प्रारम्भिक सूचना वा संशोधनको सूचनामा जसको नाम धितोलिने व्यक्ति वा निजको प्रतिनिधि भनी जनिएकोछ त्यस्तो व्यक्तिलाई सों सूचनामा उल्लिखित धितोलिने व्यक्ति भनिनेछ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) संशोधनको सूचनाद्वारा उपदफा (१) बमोजिमको धितोलिने व्यक्तिलाई नाम संशोधन गरी नहटाएसम्म त्यस्तो व्यक्ति नै धितो लिने व्यक्तिको रुपमा कायम रही रहनेछ ।

१२. **सूचनामा संशोधनः** (१) प्रारम्भिक सूचना एक वा एक भन्दा बढी संशोधनहरुबाट संशोधित हुन सक्नेछ । प्रारम्भिक सूचनाको संशोधनको सूचनामा देहायका कुराहरु समावेश भएको हुनु पर्नेछ :-

(क) दर्ता नम्बरबाट प्रारम्भिक सूचनाको पहिचान गरिएको हुनुपर्ने,

(ख) संशोधनको अख्तियारी दिने सूचनामा उल्लिखित धितोलिने व्यक्तिको पहिचान गरिएको हुनु पर्ने,

(ग) सूचनालाई संशोधन गर्न खोजिएको कुरा स्पष्टरुपमा खुलाईएको हुनुपर्ने,

(घ) सूचनाको संशोधन भएको कुरा देखाउने गरी सूचनालाई पूर्ण रुपमा पुनर्लेखन गरी प्रारम्भिक सूचनामा खुलाउनु पर्ने सम्पूर्ण जानकारी उपलब्ध गराउनु पर्ने ।

(२) धितोदिने व्यक्तिले हस्ताक्षरित अभिलेखनद्वारा अख्तियारी दिई कुनै संशोधनको सूचना दर्ता गरिएकोमा त्यस्तो संशोधनको सूचनाले समेटेको धितोको सम्पत्तिमा थप हुने व्यवस्था गरेमा वा कुनै धितो दिने व्यक्तिलाई सूचनामा समावेश गरेमा सो संशोधन मान्य हुनेछ । धितोको लाभका सम्बन्धमा सम्झौतामा स्पष्ट रुपमा उल्लेख भएको वा नभएको जेसुकै भएतापनि त्यस्तो सम्झौता गरिसकेपछि सो सम्झौतामा उल्लिखित धितोको सम्पत्ति तथा सोबाट प्राप्त लाभलाई समेट्ने गरी संशोधन दर्तागर्न पाउने गरी धितोदिने व्यक्तिले अख्तियारी दिएको मानिनेछ ।

(३) सूचनामा एक भन्दा बढी व्यक्तिको नाम धितोलिने व्यक्तिको रुपमा जनिएको भएमा त्यस्तो प्रत्येक व्यक्तिले संशोधन दर्तागर्न कसैलाई अख्तियारी दिन सक्नेछ ।

(४) सूचनामा एक भन्दा बढी धितोलिने व्यक्तिको नाम उल्लेख भएकोमा कुनै एक धितो लिने व्यक्तिले हस्ताक्षरित अभिलेखव्दारा दर्तागर्न अख्तियारी दिएमा संशोधन मान्य हुनेछ ।

(५) सूचनामा उल्लिखित धितोलिने एउटा व्यक्तिले अख्तियारी दिएको संशोधनले सूचनामा उल्लिखित धितोलिने अर्को व्यक्तिको अधिकारमा कुनै असर पार्ने छैन ।

(६) धितोको सम्पत्ति थपगर्ने संशोधन दर्ता गरिएको मितिदेखि मात्र थप गरिएको धितोको सम्पत्तिको हकमा सो संशोधन मान्य हुनेछ ।

(७) धितो दिने व्यक्ति थप गर्नका लागि संशोधन दर्ता गरिएको भए सो संशोधन दर्ता गरिएको मितिदेखि मात्र थप गरिएको धितोदिने व्यक्तिको हकमा सो संशोधन मान्य हुनेछ ।

(८) धितोको सम्पत्ति वा धितोदिने व्यक्ति थप गर्ने संशोधन बाहेकको अन्य संशोधनको सूचनामा उल्लिखित धितोलिने व्यक्तिले त्यस्तो संशोधन दर्तागर्न अख्तियारी दिएमा मात्र सो संशोधन मान्य हुनेछ ।

(९) सूचनामा उल्लिखित धितोलिने सबै व्यक्तिहरुलाई सो सूचनाबाट बाहेक गर्ने वा त्यसरी बाहेक गरिएका धितोलिने व्यक्तिहरुको सट्टा नयाँ धितोलिने व्यक्तिको नाम सूचनामा उल्लेख नगर्ने वा त्यस्तो सूचनामा उल्लिखित धितोदिने सबै व्यक्तिहरुको नाम हटाउने वा त्यसरी हटाइएका धितोदिने व्यक्तिको सट्टा नयाँ धितोदिने व्यक्तिको नाम सूचनामा उल्लेख नगर्ने संशोधन अमान्य हुनेछ ।

(१०) संशोधनको दर्ताले कुनै पनि सूचनाको बहाली अवधिलाई विस्तार गर्ने छैन ।

१३. **सूचनाको निरन्तरता** :(१) देहायका विवरण उल्लेखगरी दर्ता भएको निरन्तरताको विवरणले सूचनाको बहाली अवधि विस्तार गर्न सक्नेछ :-

(क) दर्ता नम्बरबाट प्रारम्भिक सूचनाको पहिचान हुने विवरण,

(ख) निरन्तरताको अख्तियारी दिने सूचनामा उल्लिखित धितोलिने व्यक्तिको पहिचान हुने विवरण,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



८५१

(ग) सूचना दर्तागर्न अख्तियारी दिने धितोलिने व्यक्तिको सम्बन्धमा निरन्तरताको विवरण दर्ता गरी सूचनाको प्रभावकारिता निरन्तर हुने विवरण।

(२) सूचना बहाल रहने पाँच बर्षको अवधि व्यतित हुनु भन्दा छ महिना अगावै यस अध्यादेश बमोजिम निरन्तरताको विवरण दर्ता गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम म्याद भित्रै निरन्तरताको विवरण दर्ता गरिएमा त्यस्तो विवरण दर्ता नगरिएको भए सो सूचना जुन मितिमा समाप्त हुने थियो सोही मितिदेखि पाँच वर्षको अवधिसम्म त्यस्तो सूचना बहाल रहनेछ।

(४) सूचनामा उल्लिखित धितोलिने व्यक्ति एकभन्दा बढी भएको अवस्थामा जसले निरन्तरताको विवरण दर्तागर्न अख्तियारी दिएको छ त्यस्तो धितोलिने व्यक्तिका हकमा मात्र उपदफा (३) मा उल्लेख भए बमोजिमको अवधिसम्म सूचना बहाल रहनेछ।

(५) उपदफा (३) बमोजिम सूचना बहाल रहने अवधि समाप्त हुनुभन्दा अगावै धितोलिने व्यक्तिको अख्तियारी बमोजिम अर्को निरन्तरताको विवरण दर्ता नगरिएमा धितोलिने त्यस्तो व्यक्तिका हकमा सूचनाको बहाली अवधि समाप्त हुनेछ। सूचनाको बहाली अवधिलाई निरन्तरता दिन जुन तरिकाबाट सूचना दर्तागर्नु पर्ने हो सोही तरिकाबाट पछिल्लो निरन्तरताको विवरण दर्तागर्नु पर्नेछ।

१४. <u>सूचनाको समाप्ती:</u> (१) देहायका कुराहरु खुलाई समाप्तीको विवरण दर्तागरी सूचनाको प्रभावकारिता अन्त्य गर्न सकिनेछ :-

(क) दर्ता नम्बरबाट प्रारम्भिक सूचनाको पहिचान गरिएको,

(ख) समाप्तीको अख्तियारी दिने सूचनामा उल्लिखित धितो लिने व्यक्तिको पहिचान गरिएको,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) दर्तागर्ने अख्तियारीदिने धितो लिने व्यक्तिको हकमा सो सूचना प्रभावकारी नभएको भन्ने कुरा खुलाईएको ।

(२) देहायका अवस्था पूरा भएमा धितोदिने व्यक्तिले धितोलिने व्यक्तिसँग लिखित माग गरेमा त्यस्तो माग प्राप्त गरेको बीस दिनभित्र धितोलिने भनी सूचनामा जनिएको व्यक्तिले समाप्तीको विवरण दर्ता गर्नु पर्नेछ :-

(क) कुनै पनि सुरक्षित दायित्व तिर्न बाँकी नरहेको र पेश्की दिने, दायित्व बहन गर्ने वा कुनै किसिमको मूल्य चुक्ता गर्ने प्रतिबद्धता नगरेको, वा

(ख) धितोदिने व्यक्तिले प्रारम्भिक सूचना दर्तागर्न अख्तियारी नदिएको, वा

(ग) सूचनामा समाविष्ट बिक्री गरिसकेको बहीखाता वा सुरक्षित बिक्री करारका सम्बन्धमा रकम भुक्तानी गर्नु पर्ने दायित्व भएको व्यक्ति वा त्यस्तो दायित्व पूरा गर्नुपर्ने अन्य व्यक्तिले त्यस्तो दायित्व पूरा गरिसकेको ।

(३) सूचनामा उल्लिखित धितोलिने व्यक्तिको अख्तियारी बमोजिम समाप्तीको विवरण दर्ता भएमा त्यस्तो धितोलिने व्यक्तिको हक समाप्त हुनेछ । समाप्तीको विवरण दर्ता भएमा सो समाप्तीको विवरणसँग सम्बन्धित सूचना त्यस्तो अख्तियारी दिने धितोलिने व्यक्तिका हकमा प्रभावकारी हुने छैन ।

१५. <u>सूचनाको प्रभावकारिता :</u> (१) प्रारम्भिक सूचना, संशोधन, निरन्तरताको विवरण वा समाप्तीको विवरण दर्ता गर्नको लागि लाग्ने दस्तूर सहित दर्ता कार्यालयमा पेश भएमा वा दर्ता कार्यालयले दर्ताको लागि त्यस्तो अभिलेख स्वीकार गरेमा त्यस्तो सूचना वा विवरण दर्ता कार्यालयमा दर्ता भएको मानिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो उपदफा बमोजिम दर्ता कार्यालयमा दर्ताको लागि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पेश भएको अभिलेख देहायको अवस्थामा दर्ता कार्यालयले दर्ता गर्न इन्कार गरेमा त्यस्तो अभिलेख दर्ता भएको मानिने छैन :-

(क) यस अध्यादेश बमोजिम दर्ताको लागि लाग्ने दस्तूर अभिलेखसाथ संलग्न नभएमा।

(ख) प्रारम्भिक सूचनाको सम्बन्धमा ऋणीको नाम उल्लेख नभएमा।

(ग) संशोधनको सूचनाको विवरणमा प्रारम्भिक सूचनाको दर्ता नम्बर उल्लेख नगरेमा, ऋणीको नाम उल्लेख नगरेमा वा संशोधनसँग सम्बन्धित सूचनाको म्याद समाप्त भई सकेको भएमा।

(घ) निरन्तरताको विवरणमा प्रारम्भिक सूचनाको दर्ता नम्बर उल्लेख नभएको वा त्यस्तो निरन्तरताको विवरण दफा १३ को उपदफा (२) बमोजिम छ महिनाको अवधिभित्र पेश नगरिएमा।

(ङ) समाप्तीको विवरणमा प्रारम्भिक सूचनाको दर्ता नम्बर उल्लेख नगरिएको भएमा।

(३) उपदफा (२) मा उल्लिखित अवस्थामा बाहेक कार्यालयले आफू समक्ष दर्ताको लागि पेश भएको प्रारम्भिक सूचना, संशोधनको सूचना, निरन्तरताको विवरण वा समाप्तीको विवरण दर्ता गर्न इन्कार गरे तापनि त्यस्तो अभिलेख दर्ता भए सरह मानिनेछ।

तर धितोको सम्पत्ति प्राप्त गर्ने व्यक्तिले त्यस्तो सूचना दर्ता नभएको भन्ने मुनासिब माफिकको विश्वासमा परी मूल्य बुझाएको अवस्थामा निजको हकमा यो व्यबस्था लागू हुनेछैन।

(४) दर्ता कार्यालयले कुनै अभिलेख दर्ता गर्न इन्कार गरेमा सोको कारण सहितको सूचना सम्बन्धित व्यक्तिलाई यथाशिघ्र दिनु पर्नेछ।



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) यस अध्यादेश बमोजिम दर्तागर्न अख्तियारी पाएको व्यक्तिले दर्ता गरेको सूचनाको हदसम्म मात्र त्यसरी दर्ता गरिएको सूचना प्रभावकारी हुनेछ ।

(६) सूचनामा उल्लिखित धितोलिने व्यक्तिले अख्तियारी दिएको सूचनाले सो सूचनामा उल्लिखित धितोलिने अर्को व्यक्तिको अधिकारमा प्रभाव पार्ने छैन ।

(७) दर्ता कार्यालयले कुनै अभिलेखको सूची दुरुस्त नराखेको कारणले सो अभिलेखको प्रभावकारितामा असर पर्ने छैन ।

१६. **गलत ढंगले दर्ता गरिएको सूचना सम्बन्धी दावीः** (१) कुनै व्यक्तिलाई आफ्नो नाममा दर्ता कार्यालय समक्ष दर्ता भएको कुनै सूचना यथार्थमा आधारित नभएको वा गलत ढंगले दर्ता गरिएको भन्ने लागेमा त्यस्तो व्यक्तिले त्यस्तो सूचना सच्याउनको लागि दर्ता कार्यालयमा देहायका कुरा खुलाई सच्चाउने विवरण दर्ता गर्न सक्नेछ :-

(क) प्रारम्भिक सूचनाको दर्ता नम्बरबाट सो विवरणसँग सम्बन्धित अभिलेखको पहिचान भएको कुरा ।

(ख) सो विवरण सच्याउने विवरण भएको कुरा ।

(ग) कुन आधारमा सो व्यक्तिलाई सो अभिलेख अयथार्थ हो भन्ने लागेको हो त्यस्तो आधार र सो व्यक्तिलाई अयथार्थता हटाउन सो अभिलेखमा कसरी संशोधन गर्नु पर्छ भन्ने लागेको छ सो कुरा वा कुन आधारमा सो व्यक्तिलाई सो अभिलेख गलत ढंगले दर्ता गरिएको हो भन्ने लागेको हो सोको आधार ।

(२) यस दफा बमोजिम दर्ता भएको सच्याउने विवरणको दर्ताले सूचनाको प्रभावकारितामा कुनै असर पार्ने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. दर्ता कार्यालयको दायित्व : (१) दर्ता कार्यालयले आफू समक्ष दर्ता भएको प्रत्येक सूचनाका सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) दर्ता गरिएका प्रत्येक अभिलेखलाई छुट्टा छुट्टै दर्ता नम्बर दिनु पर्ने ।

(ख) प्रत्येक अभिलेखलाई दिएको दर्ता नम्बर, दर्ताको मिति र समय समेत खुलेको अभिलेख खडा गरी राख्नु पर्ने ।

(ग) प्रत्येक अभिलेख सार्वजनिक निरीक्षणका लागि खुला राख्नु पर्ने ।

(२) दर्ता कार्यालयले प्रारम्भिक सूचनालाई धितोदिने व्यक्तिको नामबाट दर्ता गरी राख्नु पर्नेछ ।

(३) दर्ता कार्यालयले प्रारम्भिक सूचना तथा सोसँग सम्बन्धित सबै अभिलेखहरुलाई एक आपसमा आवद्ध हुने किसिमबाट दर्ता गरी राख्नु पर्नेछ ।

(४) दर्ता कार्यालयले क्रमसंख्या अंकित सवारी साधनको क्रमसंख्या उल्लिखित सूचनाको सम्बन्धमा क्रमसंख्या अंकित सूची खडा गरी राख्नु पर्नेछ ।

(५) दर्ता कार्यालयले म्याद व्यतित भएको सूचनाहरुको अभिलेख म्याद व्यतित भएको मितिले दश बर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

(६) दर्ता कार्यालयको दायित्व केवल प्रशासनिक हुनेछ । सूचना दर्तागर्दा वा सूचना दर्ता गर्न इन्कारगर्दा दर्ता कार्यालयले त्यस्तो सूचना पर्याप्त भएको वा अपर्याप्त भएको वा सूचनामा उल्लिखित जानकारी यथार्थ वा अयथार्थ भएको भन्ने कुनै कुराको निर्धारण गर्ने छैन ।

१८. दर्ता कार्यालयबाट जानकारी प्राप्त गर्न सकिने :(१) दर्ता कार्यालयले आफूसँग कुनै जानकारीको लागि अनुरोध गर्ने कुनै पनि व्यक्तिलाई देहाय बमोजिम जानकारी उपलब्ध गराउनु पर्नेछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) धितोदिने कुनै खास व्यक्तिको नाम उल्लेख गरेको र सबै धितो लिने व्यक्तिहरुको हकमा बहाल रहेको सूचना दर्ता कार्यालयले तोकेको मिति र समयमा दर्ता भएको वा नभएको कुरा ।

(ख) प्रत्येक सूचनाको दर्ता नम्बर र सो सूचना दर्ता भएको मिति र समय,

(ग) प्रत्येक सूचनामा उल्लिखित धितोलिने र धितो दिने व्यक्तिको नाम र ठेगाना,

(घ) प्रत्येक सूचना वा संशोधनको सूचनामा उल्लिखित धितोको सम्पत्तिको विवरण, र

(ङ) प्रत्येक प्रारम्भिक सूचनासँग सम्बन्धित प्रत्येक अभिलेखको दर्ता नम्बर र सो दर्ता भएको मिति, समय र सो अभिलेख संशोधन, निरन्तरताको विवरण, खुच्याउने विवरण वा समाप्तीको विवरण के हो भनी पहिचान गर्ने कुरा ।

(२) देहायको कुनै पनि कुरा खुलाई अभिलेखको खोजीगर्न दर्ता कार्यालयमा अनुरोध गर्न सकिनेछ :-

(क) प्रारम्भिक सूचनाको दर्ता नम्बर,

(ख) क्रमसंख्या अंकित सवारी साधनको कमसंख्या,

(ग) धितो दिने व्यक्ति नेपाली नागरिक भए निजको नागरिकता प्रमाणपत्रको नम्बर, वा

(घ) धितो दिने व्यक्ति गैर नेपाली नागरिक भए निजको नाम तथा राहदानी नम्बर ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

556

(३) दर्ता कार्यालयले आफ्नो कर्तव्यको पालनागर्दा कुनैपनि माध्यमबाट सूचना वा जानकारी संप्रेषण गर्न सक्नेछ ।

१९. दर्ता शुल्क सम्बन्धी व्यवस्था : (१) प्रारम्भिक सूचना, संशोधनको सूचना, निरन्तरताको विवरण, समाप्तीको विवरण, सच्याउने विवरणको दर्ताको लागि वा अभिलेख खोजीका लागि पाँच सय रुपैयाँ शुल्क लाग्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि दर्ता कार्यालयले उपलब्ध गराएको विद्युतीय प्रविधिको उपयोग गरी अभिलेख खोजी गरेवापत कुनै पनि शुल्क लाग्ने छैन ।

(३) यस अध्यादेश बमोजिम उपलब्ध गराइएका अन्य सेवाहरुका लागि कुनै पनि शुल्क लाग्ने छैन ।

(४) रजिष्ट्रारले दर्ता कार्यालयबाट उपलब्ध गराइने सेवा उपभोग गर्ने व्यक्तिहरुको खाता खडा गरी त्यस्तो सेवा वापत लगाइएको शुल्क आवधिक रुपमा भुक्तानी गर्ने सम्बन्धी कार्यविधि तय गर्न सक्नेछ ।

## परिच्छेद -३
## धितोको हक सम्बन्धी व्यवस्था

२०. धितोको हक: (१) उपदफा (२) को अधिनमा रही यस अध्यादेश बमोजिम कुनै पनि व्यक्तिले धितोको हक दिन र लिन सकिनेछ । यसरी धितोको हक दिँदा लिँदा कुनै धितोको सम्पत्ति माथि एकभन्दा बढी व्यक्तिको धितोको हक समेत सृर्जना हुने गरी धितोको हक दिन र लिन सकिनेछ ।

(२) धितो दिने व्यक्तिसंग रहेको उपभोग्य वस्तु माथि खरिद मूल्य सम्बन्धी धितोको हक (पर्चेज मनी सेक्युरिटी इन्ट्रेस्ट) बाहेकका अन्य धितोको हक सृजना गर्न सकिने छैन ।

(३) धितोको सम्पत्ति प्रयोग गर्ने, भोग गर्ने, बिक्री गर्ने, विनिमय गर्ने, मिश्रित गर्ने वा अन्य कुनै पनि किसिमले हक हस्तान्तरण गर्ने अधिकार धितो दिने व्यक्तिसँग रहेको कारणले मात्र धितोको हक अमान्य भएको मानिने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. **सुरक्षित दायित्व:** (१) दफा २० बमोजिम सृर्जना भएको धितोको हकले एक वा एक भन्दा बढी सामान्य वा विशेष रुपमा उल्लेख गरिएका दायित्वहरु सुरक्षित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुरक्षित दायित्व मौद्रिक वा गैरमौद्रिक हुन सक्नेछ ।

(३) धितोको हकले भावी दायित्व पनि सुरक्षित गर्न सक्नेछ । त्यस्तो दायित्व बाध्यात्मक, शर्त सहितको वा स्वेच्छिक हुन सक्नेछ ।

(४) धितोको हकले पहिले नै कायम रहेका दायित्वहरुलाई समेत सुरक्षित गर्न सक्नेछ ।

२२. **धितोको सम्पत्तिको विवरण:** कुनै धितोको सम्पत्तिको विवरणले जुन कुराको विवरण दिन खोजेको हो सो को मुनासिव रुपले पहिचान हुनेगरी विवरण दिएमा त्यस्तो विवरणलाई पर्याप्त मानिनेछ । क्रमसंख्या अंकित सवारी साधनको हकमा यस अध्यादेशमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक धितोको सम्पत्तिको विवरण साधारण ढंगले पनि व्यक्त गर्न सकिनेछ ।

स्पष्टिकरण: यस दफाको प्रयोजनको लागि "साधारण ढंगले" भन्नाले धितोदिने व्यक्तिले उपभोग गर्ने उपभोग्य वस्तु बाहेक धितो दिने व्यक्तिको सबै जायजेथा वा सबै चल सम्पत्ति जस्ता शब्दावली उल्लेख गरी दिएको विवरण सम्झनु पर्छ ।

२३. **धितो सम्बन्धी सम्झौताको प्रभावकारिता :** (१) धितो सम्बन्धी सम्झौता अभिलेखको रुपमा रहनेछ । धितो सम्बन्धी सम्झौता एक वा एक भन्दा बढी अभिलेखको रुपमा राख्न सकिनेछ ।

(२) यस अध्यादेशमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक धितो सम्बन्धी सम्झौताका शर्तहरु अनुरुप सो सम्झौताका पक्षहरु, धितोको सम्पत्ति प्राप्तकर्ता, साहू तथा लियन होल्डर समेतका हकमा लागू हुनेछ ।

(३) धितो सम्बन्धी सम्झौता एक वा एक भन्दा बढी धितोको हकसँग सम्बन्धित हुन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४ धितो लिने व्यक्तिको कब्जामा रहेको धितोको सम्पत्तिः (१) धितोलिने व्यक्तिले आफ्नो जिम्मा र संरक्षणमा रहेको धितोको सम्पत्ति उपर मुनासिव रेखदेख पुऱ्याउनु पर्नेछ ।

(२) धितोको सम्पत्ति धितो लिने व्यक्तिको जिम्मामा रहेको अवस्थामा अन्यथा सहमति भएकोमा बाहेक देहायका कुरामा देहाय बमोजिम हुनेछः-

(क) धितोको सम्पत्तिको बीमा वापतको खर्च र सो सम्पत्तिसँग सम्बन्धित कर वा शुल्क लगायत मुनासिव माफिकको खर्चको भुक्तानी गर्ने दायित्व धितोदिने व्यक्तिको हुने र त्यस्तो खर्चहरु उल्लिखित धितोको सम्पत्तिबाट असूल उपर गर्नु पर्ने ।

(ख) कुनै दुर्घटनाबाट धितोको सम्पत्तिमा हानि नोक्सानी भएमा त्यस्तो हानि नोक्सानी वापत बीमा रकमले नखामेको हदसम्मको जोखिम धितो दिने व्यक्तिले व्यहोर्नु पर्ने ।

(ग) धितोको सम्पत्तिबाट प्राप्त रकम बाहेकको कुनै पनि बृद्धिलाई धितोलिने व्यक्तिले अतिरिक्त सुरक्षणको रुपमा राख्नु पर्ने र धितोदिने व्यक्तिलाई रकम शोधभर्ना गरिएकोमा बाहेक निजले सुरक्षित दायित्व कम गराउन त्यस्तो रकम उपयोग गर्न सक्ने ।

२५. धितोको सम्पत्तिमा धितोको हकको आबद्धताः (१) देहायको अवस्थामा मात्र धितोको सम्पत्तिमा धितोको हक आबद्ध भई सो सम्पत्तिका सम्बन्धमा धितोदिने व्यक्ति र तेश्रो पक्षविरुद्ध त्यस्तो हक चलन चलाउन सकिने हुनेछ :-

(क) धितोको सम्पत्तिको विवरण उल्लेखगरी धितो सम्बन्धी सम्झौता भएकोमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) धितोलिने व्यक्तिले धितोदिने व्यक्तिलाई मूल्य दिएकोमा, र

(ग) धितोदिने व्यक्तिसँग धितोको सम्पत्तिउपर अधिकार रहेको वा निजमा त्यस्तो धितोको सम्पत्ति धितोलिने व्यक्तिलाई हस्तान्तरण गर्न सक्ने अधिकार रहेकोमा ।

(२) अन्यथा सहमती भएकोमा बाहेक धितोको सम्पत्तिमा रहेको धितोको हकको आबद्धताले यस अध्यादेश बमोजिम धितोलिने व्यक्तिलाई त्यस्तो धितोको सम्पत्तिबाट लाभ प्राप्त गर्ने धितोको हक प्रदान गर्नेछ ।

## परिच्छेद-४
## धितोको हकको परिपक्वता र प्राथमिकता

२६. **धितोको हकको परिपक्वताः** (१) कुनै धितोमा धितोको हक आबद्ध भई यस दफा बमोजिमका शर्तहरु पूरा भएमा त्यस्तो धितोको हक परिपक्व भएको मानिनेछ ।

(२) यस दफामा अन्यथा व्यवस्था गरिएकोमा बाहेक धितोको हक परिपक्व गराउनको लागि दर्ता कार्यालयमा सूचना दर्ता गराउनु पर्नेछ ।

(३) खरिद मूल्य सम्बन्धी धितोको हक कुनै उपभोग्य वस्तुमा आवद्ध भई सकेपछि मात्र त्यस्तो उपभोग्य वस्तुमा सृजना भएको खरिद मूल्य सम्बन्धी धितोको हक परिपक्व हुनेछ । सो को सूचना दर्ता गराई रहनु पर्नेछैन ।

(४) मालसामान, अधिकारपत्र, लिखत वा सुरक्षित बिक्री करार माथि रहेको धितोको हक धितोलिने व्यक्तिले त्यस्तो धितो आफ्नो कब्जामा लिएपछि मात्र परिपक्व हुनेछ । यसका लागि दर्ता गराई रहनु पर्नेछैन । त्यस्ता मालसामान, अधिकारपत्र, लिखत वा सुरक्षित बिक्री करार कब्जामा लिएको बखतदेखि नै त्यसमाथि रहेको धितोको हक परिपक्व हुनेछ र सो कब्जा कायम रहेसम्म सो हक कायम रहनेछ । यस उपदफा बमोजिम कब्जामा लिई परिपक्व गराइएको मालसामान, अधिकारपत्र, लिखत वा सुरक्षित बिक्री करार माथिको धितोको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हक धितोलिने व्यक्तिले कब्जाको अवधि भन्दा अगाडि, कब्जाको अविधिभित्र वा कब्जाको अवधि पछि पनि सूचना दर्ता गरेर परिपक्व गराउन सक्नेछ।

(५) नगद लाभ बाहेक धितोलिने व्यक्तिले रकम कब्जामा लिएपछि मात्र त्यस्तो रकम माथि रहेको धितोको हक परिपक्व हुन सक्नेछ।

(६) क्रमसंख्या अंकित सवारी साधनमा रहेको धितोको हक सो सवारी साधनको साधारण विवरण दिएर वा सोको क्रमसंख्या उल्लेखगरी सूचना दर्ता गरे पछिमात्र परिपक्व हुन सक्नेछ।

(७) लाभ माथि रहेको धितोको हक परिपक्व गराउन सूचना दर्ता गराउन आवश्यक हुनेछैन।

(८) नासोमा लिने व्यक्तिको जिम्मामा मालसामान रहेका बखत निजले सो मालसामानलाई समेट्ने गरी लिखत जारीगरेको रहेछ भने त्यस्तो लिखत उपर धितोको हक परिपक्व गराएपछि मात्र त्यस्तो मालसामान माथि रहेको धितोको हकलाई परिपक्वता प्रदान गर्न सकिनेछ। नासोलिने व्यक्तिको जिम्मामा मालसामान रहेका बखत सूचना दर्ता गराई त्यस्ता मालसामानमा धितोको हक परिपक्व गराइएको भए त्यस्तो धितोको हक लिखतमा परिपक्व गराएको धितोको हकसंग सम्बन्धित हुनेछ।

(९) धितोको सम्पत्ति उपर रहेको धितोको हकको परिपक्वताले धितोको सुरक्षार्थ दिएको जमानत उपर रहेको धितोको हकसमेत लाई परिपक्व बनाउनेछ। जमानत उपर रहेको धितोको हक परिपक्व गराउन सूचना दर्ता गराउन आवश्यक हुने छैन।

(१०) भुक्तानीको अधिकार वा परिपालन उपर रहेको धितोको हकको परिपक्वताले भुक्तानीको अधिकारलाई सुरक्षित गर्ने अचल सम्पत्तिको बन्धकी उपरको धितोको हकलाई समेत परिपक्व बनाउँनेछ।

२७. <u>परिपक्वताको निरन्तरता:</u> (१) धितोको हकको परिपक्वताको निरन्तरता नटुट्ने गरी धितो सम्बन्धी हक पहिले कुनै एक तवरमा परिपक्व बनाइएको र पछि अर्को तवरमा परिपक्व

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बनाइएकोमा सो हक निरन्तर रुपमा परिपक्व भइरहेको मानिनेछ ।

(२) धितोलिने व्यक्तिले परिपक्व बनाइएको धितोको हक हस्तान्तरण गरेमा धितोदिने व्यक्तिका साहूहरुको हक विरुद्ध, धितोदिने व्यक्तिबाट हस्तान्तरण गरी लिने व्यक्तिको हक विरुद्ध तथा लियन होल्डरका विरुद्ध त्यस्तो धितोको हकको परिपक्वतालाई निरन्तरता दिनको लागि यस अध्यादेश अन्तर्गत सूचना दर्ता गराई राख्नु पर्ने छैन ।

२८. **एउटै धितोको सम्पत्तिमा रहेका धितोको हकको प्राथमिकता:** (१) यस अध्यादेशमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक एउटै धितोको सम्पत्तिमा एकभन्दा बढी व्यक्तिको धितोको हकको सृर्जना भएको अवस्थामा सूचना दर्ता भएको र सूचना दर्ता नभएको धितोको हक मध्ये सूचना दर्ता भएको धितोको हकले प्राथमिकता पाउनेछ । सूचना दर्ता भएको धितोको हकमा पनि त्यस्तो धितोको हकले धितोको हकको सूचना दर्ता गराएको समय वा धितोको हक परिपक्व भएको समय अनुसार प्राथमिकता पाउँनेछ ।

(२) धितोको सम्पत्ति समेट्ने गरी पहिलो सूचना दर्ता गरिएको समय वा धितोको हक पहिलो पटक परिपक्व भएको समय मध्ये जुन अघिल्लो हुन्छ सो धितोको हकले प्राथमिकता पाउनेछ । धितोको हकको प्राथमिकता निर्धारणगर्दा पहिलो पटक सूचना दर्ता भए पछि वा धितोको हक परिपक्व भई सकेपछि त्यस्तो सूचना अप्रभावकारी भएको वा दफा २७ को उपदफा (१) बमोजिम त्यस्तो धितोको हकको परिपक्वताको निरन्तरता अवरुद्ध भएको हुनु हुदैन ।

(३) धितोको सम्पत्तिमा पहिले आबद्ध भएको धितोको हकले यस अध्यादेश बमोजिम सूचना प्रभावकारी नभएको वा परिपक्व भई नसकेको धितोको हक उपर प्राथमिकता पाउनेछ ।

(४) धितोको सम्पत्तिको सम्बन्धमा कायम भएको दर्ता वा परिपक्वताको मिति नै सो धितोको सम्पत्तिबाट प्राप्त लाभको हकमा पनि सोही दर्ता वा परिपक्वताको मिति कायम भएको मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९. **लियनहोल्डरको अधिकार उपर धितोको हकको प्राथमिकता:** यस अध्यादेशका अधीनमा रही लियन होल्डरले धितोको हक परिपक्व हुनु अगावै र धितोको सम्पत्ति समेट्ने सूचना दर्ता गर्नु अगावै सूचना दर्ता गरेको अवस्थामा बाहेक अन्य अवस्थामा धितोको हकले लियन होल्डरको अधिकार उपर प्राथमिकता पाउनेछ ।

३०. **धितोको सम्पत्ति खरिद गर्दाको असर:** (१) धितोको हक रहेको कुराको जानकारी बिना र सो धितोको हक परिपक्व हुनु अगावै कुनै खरिदकर्ताले सो धितोको सम्पत्ति वापत मूल्य तिरी खरिद गरेको भए त्यस्तो खरिदकर्ताले खरिद गरेको धितोको सम्पत्तिमा रहेको धितोको हकले त्यस्तो खरिदकर्तालाई कुनै असर पार्ने छैन ।

तर मूर्त सम्पत्ति उपरको धितोको सम्पत्तिको हक त्यस्तो सम्पत्ति त्यसरी धितो राखेको जानकारी बिना र सो धितोको हक परिपक्व हुनु अगावै खरिदकर्ताले प्राप्त गरी सकेको हुनु पर्नेछ ।

(२) उपदफा (१) को सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका कुरामा देहाय बमोजिम हुनेछ :-

(क) नियमित व्यावसायिक कारोबारको सिलसिलामा मालसामान खरिदगर्ने खरिदकर्ताको हकमा त्यस्तो मालसामान उपर रहेको धितोको हक परिपक्व भएको र धितोको हक रहेको जानकारी निजलाई भएको भएतापनि त्यस्तो मालसामानमा रहेको धितोको हकले निजलाई कुनै असर पार्नेछैन ।

(ख) उपभोग्य वस्तु खरिद गर्ने व्यक्तिले धितो सम्बन्धी हकको जानकारी बिना र उपभोग्य वस्तु समाबेश गर्ने सूचना दर्ता गर्नु अगावै त्यस्ता मालसामान खरिद गरेमा त्यस्तो उपभोग्य वस्तुमा रहेको धितोको हक परिपक्व भएता

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पनि वा नभए तापनि सो व्यक्तिलाई त्यस्तो उपभोग्य वस्तुमा रहेको धितोको हकले कुनै असर पार्ने छैन ।

(ग) क्रमसंख्या अंकित सवारी साधन खरिद गर्ने व्यक्तिले सो सवारी साधनमा रहेको धितोको हकको ज्ञान बेगर वा दर्ता गरिएको सूचनामा सो सवारी साधनको क्रमसंख्या विवरण उल्लेख नगरेको वा त्यस्तो विवरण गलत ढंगले उल्लेख गरेको भएमा त्यस्तो क्रम संख्या अंकित सवारी साधनमा रहेको धितोको हकले निजलाई कुनै असर पार्ने छैन ।

(घ) कृषिजन्य उत्पादन खरिद गर्ने व्यक्तिको हकमा,-

(१) उपभोग्य वस्तुको रुपमा उपभोग गर्न खरिद गरिएको कृषिजन्य उत्पादनमा रहेको धितोको हकले असर पार्ने छैन ।

(२) उपभोग्य वस्तुको रुपमा उपभोगगर्न खरिद नगरिएको कृषिजन्य उत्पादनको हकमा धितोको हकको जानकारी बिना तथा त्यस्तो हक परिपक्व हुनु अगावै त्यस्तो कृषिजन्य उत्पादन बुझी लिएमा त्यस्तो कृषिजन्य उत्पादनमा कायम रहेको धितोको हकले असर पार्ने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

३१. **धितोको सम्पत्ति पट्टामा लिने व्यक्तिः** (१) धितोको हकको जानकारी बिना त्यस्तो धितोको हक परिपक्व हुनु अगावै कुनै मालसामान पट्टामा लिने कुनै व्यक्तिले सो मालसामान पट्टामा लिएकोमा त्यस्तो मालसामानमा रहेको धितोको हकले निजको सो मालसामानमा रहेको पट्टाको हकमा कुनै असर पार्ने छैन ।

(२) नियमित व्यावसायिक कारोबारको सिलसिलामा मालसामान पट्टामा लिने व्यक्तिलाई त्यस्तो मालसामान उपरको धितोको हक परिपक्व भएको र धितोको हकको जानकारी भएतापनि यस्तो मलासामानमा रहेको धितोको हकले निजको पट्टाको हकमा कुनै असर पार्ने छैन ।

(३) क्रमसंख्या अंकित सवारी साधन पट्टामा लिने व्यक्तिले सो सवारी साधनमा रहेको धितोको हकको जानकारी बिना वा दर्ता गरिएको सूचनामा सोको क्रमसंख्या विवरण उल्लेख नगरेको वा त्यस्तो विवरण गलत ढंगले उल्लेख गरेको भएमा त्यस्तो क्रमसंख्या अंकित सवारी साधनमा रहेको धितोको हकले निजको पट्टाको हकमा कुनै असर पार्ने छैन ।

३२. **खरिद मूल्य सम्बन्धी धितोको हकको सूचनाः** धितो दिने व्यक्तिले मालसामान बुझिलिएको पाँच दिनभित्र कुनै व्यक्तिले त्यस्तो मालसामानको खरिद मूल्य सम्बन्धी धितोको हकको सम्बन्धमा सूचना दर्ता गराएमा धितोको हक आबद्ध भएको र सूचना दर्ता भएको समयको बीचमा त्यस्ता मालसामान उपर सृजना भएको खरिदकर्ता, पट्टा लिने व्यक्ति वा लियन होल्डरको अधिकार उपर त्यस्तो धितोको हकले प्राथमिकता पाउनेछ ।

३३. **धितोको सम्पत्तिको बेचबिखन र त्यसबाट प्राप्त लाभः** (१) यस अध्यादेशमा अन्यथा व्यवस्था भएको वा पक्षहरु बीच अन्यथा सहमति भएकोमा बाहेक धितोको सम्पत्तिको बिक्री, पट्टा, इजाजत, विनिमय, बेचबिखन वा अन्य किसिमले हस्तान्तरण गरिएको भएतापनि सो धितोको सम्पत्ति उपर रहेको धितोको हक निरन्तर रही रहनेछ ।

(२) यस अध्यादेशमा अन्यथा व्यवस्था भएको वा पक्षहरु बीच अन्यथा सहमति भएकोमा बाहेक धितोको सम्पत्तिको बेचबिखनपछि सोबाट प्राप्त लाभमा धितोको हक आबद्ध हुनेछ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) मूल धितोको सम्पत्तिमा धितोको हक परिपक्व भएकोमा त्यस्तो मूल धितोबाट प्राप्त लाभ उपर पनि धितोको हक कायमै रही रहनेछ । देहायको अवस्थामा बाहेक धितो दिने व्यक्तिले प्राप्त गरेको लाभ सो लाभ प्राप्त गरेको मितिले बीस दिन पछि सो लाभमा रहेको धितोको हक परिपक्व हुने छैन :-

(क) दर्ता गरिएको सूचनाले शुरुको धितोको सम्पत्ति समेटेमा र त्यस्तो शुरुको धितोको सम्पत्तिबाट प्राप्त भएको लाभ नगद लाभ भएमा वा शुरुको सूचनामा जुन प्रकृतिको लाभ उल्लेख गरिएको थियो सोही प्रकृतिको लाभ प्राप्त भएमा, वा

(ख) बीस दिनको समय अवधि समाप्त हुनु अगावै त्यस्तो लाभ उपर धितोको हक परिपक्व गराईएको भएमा ।

३४. उपकरण खरिद मूल्यमा धितोको हकको प्राथमिकताः खरीद मूल्य सम्बन्धी धितोको हक धितो दिने व्यक्तिले उपकरणमा कब्जा प्राप्त गर्दाका बखत वा सो प्राप्त गरेको पाँच दिनभित्र परिपक्व गराइएको भए त्यस्तो खरिद मूल्य सम्बन्धी धितोको हकले सोही सम्पत्ति उपर रहेको विवादयुक्त धितोको हक उपर तथा सो सम्पत्तिबाट प्राप्त लाभमा रहेको धितोको हक उपर समेत प्राथमिकता पाउँनेछ ।

३५. मौज्दातमा रहेको मालसामान वा घर पालुवा पशु पंक्षीमा रहेको खरिद सम्बन्धी धितोको हकको प्राथमिकताः देहायका अवस्थामा मौज्दातमा रहेको मालसामान वा घर पालुवा पशु पंक्षीमा परिपक्व भएको खरिद मूल्य सम्बन्धी धितोको हकले त्यस्ता मालसामान वा पशुपंक्षी उपर रहेको अन्य विवादयुक्त धितोको हक उपर प्राथमिकता पाउँनेछः-

(क) धितो दिने व्यक्तिले मौज्दातमा रहेको मालसामान वा घरपालुवा पशुपंक्षी उपर कब्जा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लिई खरिद मूल्य सम्बन्धी धितोको हक परिपक्व भएमा, र

(ख) खरिद मूल्य सम्बन्धी धितोको हक लिने व्यक्तिले सूचना दर्ता गराउनु भन्दा अगावै विवादयुक्त धितोको हक लिने व्यक्तिले सोही मौज्दातको मालसामान वा घर पालुवा पशुपंक्षीलाई समेट्ने गरी पहिले नै सूचना दर्ता गराई सकेको रहेछ भने खरिद मूल्य सम्बन्धी धितोको हक लिने व्यक्तिले विवादयुक्त धितोको हक लिने व्यक्तिलाई लिखित रुपमा जानकारी दिएको र सो जानकारीमा मौज्दातमा रहेका मालसामान वा घर पालुवा पशुपंक्षीको विवरण दिई त्यस्तो जानकारी दिने व्यक्तिको धितो दिने व्यक्तिका मौज्दातमा रहेका मालसामान वा घर पालुवा पशुपंक्षी उपर खरिद मूल्य सम्बन्धी धितोको हक रहेको वा निजले त्यस्तो हक प्राप्त गर्ने अपेक्षा गरेको कुरा समेत खुलाएको भएमा ।

३६. **मालसामान नियन्त्रण (रिटेन्सन) मा लिने अधिकारको प्राथमिकता:** कानूनको कार्यान्वयनबाट मालसामान नियन्त्रण लिने अधिकारको सृजना भई त्यस्तो मालसामान कब्जामा लिएको अवस्थामा सो मालसामानमा धितोको हक परिपक्व भएतापनि त्यस्तो मालसामान उपर देहायका अवस्थामा नियन्त्रणमा लिने अधिकारले प्राथमिकता प्राप्त गर्नेछ:-

(क) त्यस्तो मालसामानका सम्बन्धमा सामग्री वा सेवा वापतको भुक्तानी सुरक्षित गर्न त्यस्ता मालसामान कब्जा लिने व्यक्तिको पक्षमा सो नियन्त्रण लिने अधिकार सृजना भएको भएमा, र

(ख) त्यस्तो सामग्री वा सेवा नियमित व्यावसायिक कारोबारको सिलसिलामा उपलब्ध गराइएको भएमा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३७. **जडित समान:** (१) धितोको हक जडित सामानमा सृजना गर्न सकिनेछ । धितोको हक सृजित मालसामान पछि जडित हुने सामान भएमा सोमा धितोको हक निरन्तर रही रहनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सामान्य निर्माण सामग्रीहरुमा रहेको धितोको हक त्यस्ता सामग्रीहरु अचल सम्पत्तिमा समाविष्ट हुंदाका बखत समाप्त हुनेछ ।

(३) सजिलै हटाउन वा झिक्न सकिने कारखानाको मेशिन, कार्यालय मेशिन वा घरेलु उपयोगका मालसामानहरुको प्राथमिकता यस दफा बमोजिम निर्धारण गरिने छैन ।

(४) यस दफामा अन्यथा व्यवस्था गरिएकोमा बाहेक जडित सामान उपरको धितोको हक अचल सम्पत्तिमा रहेका अन्य सबै वास्तविक अधिकारहरुको अधिनस्थ हुनेछ ।

(५) अचल सम्पत्तिको स्वामी वा बन्धकीलिने व्यक्तिको हक प्रचलित कानून बमोजिम दर्ता हुनु अगावै सूचना दर्ता गरिएमा जडित सामानमा रहेको परिपक्व धितोको हकले त्यस्तो अचल सम्पत्तिको स्वामीको हक वा बन्धकी लिखतमा जुनसुकै व्यवस्था गरिएको भएता पनि बन्धकी लिने व्यक्तिको हक उपर प्राथमिकता पाउँनेछ ।

(६) यस अध्यादेश बमोजिम दर्ता गराउनु पर्ने लियन होल्डरको हकको सूचना दर्ता गराउनु अगावै सूचना दर्ता गरिएमा जडित सामान माथिको परिपक्व धितोको हकले लियन होल्डरको हक उपर प्राथमिकता पाउनेछ ।

(७) कुनै मालसामान जडित सामान हुनु अगावै धितोदिने व्यक्तिले दिएको धितोको हक खरिद मूल्य सम्बन्धी धितोको हक भएमा र त्यस्ता मालसामान जडित सामान हुनभन्दा अगावै वा जडित समान भईसकेको मितिले पाँच दिनभित्र सूचना दर्ता गरिएमा जडित सामानमा रहेको परिपक्व धितोको हकले अचल सम्पत्तिको स्वामीको, लियनहोल्डरको वा बन्धकी लिखतमा जुनसुकै व्यवस्था गरिएको भएतापनि बन्धकी लिने व्यक्तिको हक उपर प्राथमिकता पाउनेछ ।

तर यसरी निर्धारण गरिएको प्राथमिकता निर्माण सम्बन्धी बन्धकी हकमा लागू हुने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



508

**स्पष्टिकरण:** यस उपदफाको प्रयोजनको लागि "निर्माण सम्बन्धी बन्धकी" भन्नाले अचल सम्पत्तिमा गरिने निर्माण सुधार वापत भुक्तानी दिने कुनै पनि दायित्व सुरक्षित गर्ने गरी प्रचलित कानून बमोजिम दर्ता गरिएको बन्धकी सम्झनु पर्छ।

(८) सुरक्षित दायित्व परिपालन नभएमा यस दफा बमोजिमको प्राथमिकता प्राप्त गर्ने धितो लिने व्यक्तिले देहायका कुरामा देहाय बमोजिम हुने गरी अचल सम्पत्तिबाट जडित सामान छुट्याई लैजान सक्नेछः-

(क) जडित सामान छुट्याई लैजाने धितोलिने व्यक्तिले अचल सम्पत्तिमा पुग्न गएको हानि नोक्सानीको मर्मतगर्न लाग्ने खर्च धितो दिने व्यक्ति बाहेकका अन्य बन्धकी लिने व्यक्तिलाई अविलम्ब शोधभर्ना गर्नुपर्ने।

(ख) धितोलिने व्यक्तिले छुट्याई लैजाने जडित सामानको अभावले वा त्यस्ता सामान विस्थापित गर्नुपर्ने आवश्यकताको कारणले त्यस्तो अचल सम्पत्तिको मूल्यमा हुन गएको कमी वापत त्यस्तो बन्धकीलिने व्यक्ति वा मालिकलाई रकम शोधभर्ना गर्नुपर्ने।

(ग) धितोलिने व्यक्तिले शोधभर्नागर्ने दायित्व पूरागर्ने पर्याप्त मात्रामा विश्वास दिलाउन नसकेसम्म शोधभर्ना प्राप्तगर्ने व्यक्तिले त्यस्तो जडित सामान छुटाई लैजाने अनुमतिदिन इन्कार गर्नसक्ने।

३८. **बाली:** धितोदिने व्यक्तिको कब्जामा रहेको अचल सम्पत्ति वा त्यस्तो अचल सम्पत्ति उपर रहेको निजको हकलाई प्रचलित कानून बमोजिम दर्तागरी राखेको अवस्थामा त्यस्तो अचल सम्पत्तिमा हुर्की रहेको बाली उपरको परिपक्व धितोको हकले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो स्वामी वा बन्धकीलिने व्यक्तिको विवादयुक्तहक उपर प्राथमिकता पाउनेछ ।

३९. **सम्मिलनः** (१) मालसामानको मौलिक पहिचान नष्ट नहुने गरी अन्य मूल मालसामानसँग भौतिक रुपमा एकीकृत भएमा त्यस्तो मालसामान त्यस्तो मूल मालसामानमा सम्मिलित भएको मानिनेछ ।

(२) सम्मिलन हुने मालसामानमा पनि धितोको हक सृजना गर्न सकिनेछ र त्यस्तो धितोको हक सम्मिलन हुने धितोको सम्पत्तिमा पनि निरन्तर रही रहनेछ । धितोको सम्पत्ति सम्मिलन हुँदाका बखत त्यस्तो सम्पत्ति उपर धितोको हक परिपक्व भैसकेको भए त्यस्तो धितोको हक सम्मिलन भएको मालसामानको हकमा समेत परिपक्व भएको मानिनेछ ।

(३) सुरक्षित दायित्व परिपालना नभएमा सम्मिलित मालसामान उपरको धितोको हकले समग्र मालसामानमा हक रहेका प्रत्येक व्यक्तिका दावीहरु उपर प्राथमिकता पाउने भएमा धितो लिने व्यक्तिले अन्य मालसामानबाट त्यस्ता सम्मिलित मालसामान हटाउन सक्नेछ ।

(४) सम्मिलित मालसामान हटाउने धितोलिने व्यक्तिले समग्र वा अन्य मालसामानमा कुनै हक निहीत भएको धितोदिने व्यक्ति बाहेकको अन्य व्यक्तिलाई समग्र मालसामानमा हुन गएको भौतिक हानि नोक्सानी वापत देहाय बमोजिम शोधभर्ना गर्नु पर्नेछ र यसरी शोधभर्ना गर्दा धितोलिने व्यक्तिको हक त्यस्तो व्यक्तिको हकको अधिनस्थ हुनु पर्नेछ :-

(क) सम्मिलित मालसामान हटाउने धितोलिने व्यक्तिले अचल सम्पत्तिमा पुग्न गएको हानि नोक्सानीको मर्मतगर्न लाग्ने खर्च धितोदिने व्यक्ति बाहेकका अन्य बन्धकी लिने व्यक्तिलाई अबिलम्ब शोधभर्ना गर्नु पर्नेछ ।

(ख) धितोलिने व्यक्तिले हटाएको मालसामानको अभावले वा त्यस्ता मालसामान विस्थापित गर्नुपर्ने आवश्यकताको कारणले त्यस्तो अचल सम्पत्तिको मूल्यमा हुन गएको कमी वापत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धितोदिने व्यक्ति वा अन्य धितोलिने व्यक्तिलाई रकम शोधभर्ना गर्नु पर्नेछ।

(ग) धितो लिने व्यक्तिले शोधभर्ना गर्ने दायित्व पूरागर्ने पर्याप्त मात्रामा विश्वास दिलाउन नसकेसम्म शोधभर्ना प्राप्तगर्ने व्यक्तिले त्यस्तो मालसामान छुटाई लैजान अनुमति दिन इन्कार गर्न सक्नेछ।

४०. मिश्रित सामानहरु : (१) उत्पादनमा वा सोको समूहमा आफ्नो पहिचान गुमाउने गरी अन्य मालसामानमा भौतिक रुपमा एकीकृत गरिएको मालसामान मिश्रित सामान हुनेछ।

(२) मिश्रित सामान उपर धितोको हक सृजना नहुन पनि सक्नेछ।

तर त्यस्तो मालसामान मिश्रित सामान भई त्यसबाट सृजित उत्पादन वा समूहमा भने धितोको हक सृजना हुन सक्नेछ।

(३) धितोको सम्पत्ति मिश्रित सामान भएमा सोको उत्पादन वा समूहमा धितोको हक आबद्ध हुनेछ।

(४) धितोको सम्पत्ति मिश्रित सामान हुनुभन्दा अगावै सो धितोको सम्पत्तिमा रहेको धितोको हक परिपक्व भएको भए उत्पादन वा समूहसँग आबद्ध रहेको धितोको हक सूचना दर्ता नगरेमा पनि परिपक्व हुन सक्नेछ। उत्पादन वा सोको समूह उपरको धितोको हकको प्राथमिकता मिश्रित भएको धितोको सम्पत्ति उपर रहेको धितोको हक परिपक्व भएको समयदेखि गणना गरिनेछ।

(५) मिश्रित सामानको उत्पादन वा सोको समूह उपर एकभन्दा बढी धितोको हक आबद्ध भएको अवस्थामा देहाय बमोजिम प्राथमिकताको निर्धारण गरिनेछ :-

(क) धितोको सम्पत्ति मिश्रित सामान हुँदाका बखत परिपक्व भएको धितोको हकले सो बखत अपरिपक्व रहेको धितोको हक उपर प्राथमिकता पाउनेछ,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) उत्पादन वा सोको समूहमा आबद्ध भएको पहिलो धितोको हकले अपरिपक्व धितोको हक उपर प्राथमिकता पाउँनेछ, र

(ग) एकभन्दा बढी धितोको हक परिपक्व भएमा धितोको सम्पत्ति मिश्रित सामान हुँदाका बखत सो सम्पत्तिको मूल्यको अनुपातमा धितोको हक समान स्थितिमा रहनेछ ।

४१. **सुरक्षित बिक्री करार र अधिकारपत्रहरुको खरीदः** देहायका अवस्थामा सुरक्षित बिक्री करार वा अधिकारपत्रको खरिदकर्ताले सुरक्षित बिक्री करार वा अधिकारपत्र उपरका विवादयुक्त धितोको हक र सो बाट प्राप्त लाभ उपर समेत प्राथमिकता प्राप्त गर्नेछः-

(क) प्राप्तकर्ताको नियमित व्यावसायिक कारोबारको सिलसिलामा प्राप्तकर्ताले नयाँ मूल्य दिई सुरक्षित बिक्री करार वा अधिकारपत्र आफ्नो कब्जामा लिएको भएमा, र

(ख) सुरक्षित बिक्री करार वा अधिकारपत्रमा विवादयुक्त धितोको हक राख्ने व्यक्तिलाई सोको हस्तान्तरण गरिएको कुरा उल्लेख नगरेको भएमा ।

४२. **हस्तान्तरणः** (१) कुनै व्यक्तिले बहीखाता, सुरक्षित बिक्री करार, अधिकारपत्र तथा अन्य अमूर्त सम्पत्तिमा रहेको आफ्नो केही वा सबै अधिकार हस्तान्तरण गर्न सक्नेछ । हस्तान्तरण गर्दा सुरक्षित बिक्री करार, लिखत तथा अन्य अमूर्त सम्पत्तिमा रहेको अधिकार हस्तान्तरण हुन सक्नेछ ।

(२) दायित्व वहनगर्ने व्यक्ति र हस्तान्तरण गरिदिने व्यक्ति बीच सम्पन्न सम्झौताका शर्तहरु हस्तान्तरण गरी लिने व्यक्तिका हकमा समेत लागू हुनेछ ।

(३) यस दफामा अन्यथा व्यवस्था भएकोमा बाहेक हस्तान्तरणबाट उत्पन्न धितोको हकको आबद्धता, परिपक्वता वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यान्वयनको सम्बन्धमा दायित्व वहनगर्ने व्यक्तिलाई कुनै जानकारी दिन आवश्यक हुने छैन ।

(४) हस्तान्तरणको जानकारी दायित्व वहनगर्ने व्यक्तिलाई दिनुपर्ने भएमा त्यस्तो जानकारी लिखित रुपमा दिनु पर्नेछ र सो जानकारीमा हस्तान्तरण गरिएको अधिकारको पहिचान गरी हस्तान्तरण गरिदिने वा हस्तान्तरण गरिलिने व्यक्तिले सही गर्नु पर्नेछ ।

(५) हस्तान्तरणको जानकारी प्राप्त गरेपछि दायित्व बहन गर्ने व्यक्तिले हस्तान्तरण गरिदिने व्यक्तिलाई भुक्तानी नदिई हस्तान्तरण गरि लिने व्यक्तिलाई भुक्तानी दिएर आफ्नो दायित्व परिपालन गर्नेछ । दायित्व बहनगर्ने व्यक्तिले अनुरोध गरेमा हस्तान्तरण गरिलिने व्यक्तिले हस्तान्तरण गरिएको कुराको पर्याप्त प्रमाण यथासमयमै उपलब्ध गराउनु पर्नेछ । हस्तान्तरण गरि लिने व्यक्तिले हस्तान्तरण गरेको कुराको पर्याप्त प्रमाण उपलव्ध गराउन नसकेमा हस्तान्तरणको सूचना पाइसकेको भएतापनि दायित्व बहनगर्ने व्यक्तिले हस्तान्तरणगर्ने व्यक्तिलाई भुक्तानी गरेर आफ्नो दायित्व पूरा गर्न सक्नेछ ।

४३. **बिक्री वा हस्तान्तरणमा रोक वा प्रतिबन्ध:** धितोलिने व्यक्ति र धितोदिने व्यक्ति बीचको सम्झौताले बहीखाता, पट्टा वा सुरक्षित बिक्री करारको बिक्री वा हस्तान्तरणमा रोक वा प्रतिबन्ध लगाएमा त्यस्तो सम्झौता कार्यान्वयन हुनेछैन ।

४४. **भावी पेश्की:** परिपक्व धितोको हकले धितो लिने व्यक्तिले भविष्यमा दिनुपर्ने ऋण दायित्व सुरक्षित गर्ने भएमा धितोलिने व्यक्तिले लियनहोल्डरको हकको सम्बन्धमा वास्तविक रुपमा थाहा पाएपछि वा लियनहोल्डरको हक सम्बन्धी सूचना दर्ता कार्यालयमा दर्ता गरेको मितिले एक्काईस दिन पछिको अवधि मध्ये जुन अघिल्लो हुन्छ त्यसपछि दिइने पेश्कीको हदसम्म लियनहोल्डरको अधिकारले धितोको हक उपर प्राथमिकता पाउँनेछ ।

४५. **प्राथमिकतामा हेरफेर:** यस अध्यादेश अन्तर्गत प्राथमिकता पाउने हक भएको व्यक्तिले त्यस्तो प्राथमिकता परिवर्तन गर्न वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परित्याग गर्न मन्जूरगर्न सक्नेछ । यस्तो सम्झौताको सम्बन्धमा सूचना दर्ता गरिरहनु पर्ने छैन ।

## परिच्छेद -५

## धितोको हकको कार्यान्वयन

४६. **दायित्वको परिपालन सम्बन्धी व्यवस्थाहरु**: (१) धितो सम्बन्धी सम्झौताका पक्षहरुले आपसी सहमतिद्वारा दायित्व परिपालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछन् ।

(२) दायित्व परिपालन नभएमा धितोलिने व्यक्तिलाई देहाय बमोजिमको अधिकार हुनेछः-

(क) धितो सम्बन्धी सम्झौतामा कब्जा वा नियन्त्रणका बारेमा कुनै पनि व्यवस्था नरहेको भएतापनि धितो लिने व्यक्तिले आफ्नो इच्छा अनुसार धितोको सम्पत्ति आफ्नो कब्जा वा नियन्त्रणमा लिन सक्ने,

(ख) धितोको सम्पत्ति बेचबिखन गर्ने,

(ग) यस अध्यादेशमा व्यवस्था गरिएका अन्य अधिकार तथा उपचारहरु प्रयोग गर्ने,

(घ) धितो सम्बन्धी सम्झौतामा व्यवस्था गरिएका अन्य अधिकार तथा उपचारहरु प्रयोग गर्ने, र

(ङ) अन्य प्रचलित कानून अन्तर्गत उपलब्ध अधिकार तथा उपचारहरु प्रयोग गर्ने ।

(३) धितोलिने व्यक्तिले आफूलाई उपलब्ध कुनै वा सबै अधिकारहरु एकसाथ प्रयोग गर्न सक्नेछ ।

(४) दायित्व परिपालन नभएको अवस्थामा धितोको सम्पत्ति, बहीखाता वा अन्य अमूर्त सम्पत्ति भएमा धितोलिने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यक्तिले हस्तान्तरण वा संकलन सम्बन्धी अधिकारको प्रयोग गर्ने सम्बन्धमा यस अध्यादेशमा गरिएका व्यवस्थाहरुको अधीनमा रही न्यायिक कारबाही बिना सिधै त्यस्ता बहीखाता वा अन्य मूर्त सम्पत्तिका सम्बन्धमा आफैले आवश्यक कारबाई चलाउन सक्नेछ ।

(५) दायित्व परिपालन नभएको अवस्थामा धितोको सम्पत्ति लिखत भएमा धितो लिने व्यक्तिले त्यस्तो लिखत तथा सो लिखतबाट समेटिएका मालसामानका सम्बन्धमा आवश्यक कारबाई चलाउन सक्नेछ ।

(६) धितोलिने व्यक्तिले कब्जा गर्न पाउने आदेश प्राप्त गरेमा सूचना दर्ता गरेको मिति वा धितोको हक परिपक्व भएको मिति मध्ये जुन पहिले हुन्छ सो मिति देखि धितोको सम्पत्ति उपरको प्राथमिकताको गणना गरिनेछ ।

(७) अधिकार प्राप्त अधिकारीको आदेश बमोजिम वा सार्वजनिक लिलामको माध्यमबाट धितोको सम्पत्ति बिक्रीगर्दा धितोलिने व्यक्तिले त्यस्तो धितोको सम्पत्ति खरीद गरी लिन सक्नेछ ।

४७. **धितोलिने व्यक्तिको प्राप्त गर्ने अधिकार:** (१) दायित्व परिपालन नभएमा धितो लिने व्यक्तिले बहीखाता, सुरक्षित बिक्री करार वा भुक्तानी पाउने अन्य अधिकारका सम्बन्धमा खातामा दायित्व बहन गर्ने भनी जनिएको व्यक्ति वा भुक्तानीको दायित्व बहनगर्ने अन्य व्यक्तिलाई भुक्तानी गर्न सूचित गर्न र त्यस पछिका कुनै लाभ आफनो नियन्त्रणमा लिन समेत पाउनेछ ।

(२) धितोको हकले ऋण सुरक्षित गरेको भएमा धितोलिने व्यक्तिले सुरक्षित ऋणको रकम र यस परिच्छेद अर्न्तगत कटाउन पाउने खर्च रकम भन्दा बढी रकम संकलित हुन आएमा त्यसरी बढी भए जति रकम धितोदिने व्यक्तिलाई भुक्तानी दिनेछ । अन्यथा सहमती भएकोमा बाहेक यसरी संकलित रकममा कुनै कमी हुन गएमा सुरक्षित ऋण तथा यस परिच्छेद अर्न्तगतको कट्टा गर्न पाउने खर्च समेत र संकलित रकम बीचको भिन्नता धितोदिने व्यक्तिले धितो लिने व्यक्तिलाई तिर्नु बुझाउनु पर्नेछ ।

(३) खाता वा सुरक्षित बिक्री करारको बिक्रीसँग सम्बन्धित कारोबारको हकमा धितो सम्बन्धी सम्झौतामा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवस्था गरिएको भएमा मात्र धितोदिने व्यक्तिलाई बढी हुन आएको रकमको भुक्तानी पाउने अधिकार हुनेछ र घटी हुन गएको रकमको लागि निज जिम्मेवार हुनेछ।

(४) धितोलिने व्यक्तिले अदालती कारबाही अवलम्बन नगरी यस दफा अन्तर्गतको काम कारबाही गर्न सक्नेछ।

४८. **धितोलिने व्यक्तिको धितोको सम्पत्ति कब्जामा लिने अधिकारः** (१) धितोदिने व्यक्तिले लिखित रुपमा स्वीकृति दिएको अवस्थामा दायित्वको परिपालन नभएको अवस्थामा पनि कानूनी कारबाही बिना नै धितोलिने व्यक्तिले धितोको सम्पत्ति आफ्नो कब्जा वा नियन्त्रणमा लिन सक्नेछ।

(२) धितोलिने व्यक्तिले दायित्वको परिपालन नगरेमा अदालतको आदेशबाट धितोको सम्पत्ति आफ्नो कब्जा वा नियन्त्रणमा लिन सक्नेछ। अदालतले त्यसरी आदेश दिंदा त्यस्तो विवाद धितोको सम्पत्ति समेट्ने धितो सम्बन्धी सम्झौता तथा दायित्वको परिपालन नभएको कुनै एउटा विषयसंग सम्बन्धित भएको कुरालाई हेरी त्यस्तो आदेश दिनु पर्नेछ।

(३) अदालतले यस दफा बमोजिम धितोदिने व्यक्तिबाट धितोको सम्पत्तिको कब्जा छुटाउन दिएको आदेश उपर धितोदिने व्यक्तिले सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

(४) धितो सम्बन्धी सम्झौताको अधीनमा रही धितोलिने व्यक्तिले धितोदिने व्यक्तिलाई धितोको सम्पत्ति एकत्रित गर्न र धितोलिने व्यक्तिले तोकेको दुवै पक्षलाई मुनासिव रुपमा उपयुक्त हुने स्थानमा त्यस्तो सम्पत्ति धितोलिने व्यक्तिलाई उपलब्ध गराउन लगाउन सक्नेछ।

(५) धितोलिने व्यक्तिले कुनै पनि उपकरण रहेको स्थानबाट सो उपकरण नहटाई त्यसलाई प्रयोगगर्न नमिल्ने किसिमको बनाउन र धितोको सम्पत्तिलाई धितोदिने व्यक्तिको व्यवसायको स्थान, आवास वा धितोको सम्पत्ति रहेको वा भेटिएको अन्य कुनै पनि स्थानमा बेचबिखन गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभामबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४९. **धितोको हकको कार्यान्वयनमा बाधा विरोध गरेमा प्राप्त अधिकार** :(१) यस अध्यादेश, धितो सम्बन्धी सम्झौता वा प्रचलित कानून प्रतिकूल हुने गरी धितोदिने व्यक्तिले धितोको हकको कार्यान्वयन गर्ने, धितो बेचबिखन गर्ने वा अन्य तरिकाबाट चलन चलाउने कार्यमा रोक लगाएमा वा बाधा विरोध गरेमा धितोलिने व्यक्तिले धितोको सम्पत्तिको सुरक्षा गर्नको लागि देहायका अवस्थामा अदालतमा निवेदन दिन सक्नेछ :-

(क) धितोको सम्पत्तिमा हानि नोक्सानी पु-याएको वा पु-याउन सक्ने सम्भावना रहेको वा गलत ढंगले हस्तान्तरण भएको वा हुनसक्ने संभावना रहेको,

(ख) धितोको सम्पत्ति पत्ता लगाउन नसकिने अवस्था भएको, वा

(ग) धितोदिने व्यक्ति पत्ता लगाउन नसकिएको ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनको सम्बन्धमा अदालतले देहाय बमोजिमको आदेश जारी गर्न सक्नेछ :-

(क) धितोदिने व्यक्ति वा धितोको सम्पत्ति कब्जामा राख्ने अन्य कुनै पनि व्यक्तिलाई धितोको सम्पत्ति बेचबिखन गर्न रोक लगाउने,

(ख) धितोदिने व्यक्ति वा धितोको सम्पत्तिको बारेमा जानकारी भएको अन्य कुनै पनि व्यक्तिलाई अदालत समक्ष हाजिर हुन आउन र धितोको सम्पत्तिको सम्बन्धमा जानकारी दिन लगाउने,

(ग) धितोदिने व्यक्तिलाई धितोको सम्पत्ति उपरको कब्जा धितोलिने व्यक्तिलाई जिम्मा दिन लगाउने,

(घ) यस अध्यादेश बमोजिम धितोको हक सहितको धितोको सम्पत्ति प्राप्त गरेको कुनै पनि व्यक्तिलाई त्यस्तो धितोको सम्पत्ति उपरको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

कब्जा धितो लिने व्यक्तिलाई जिम्मा दिन लगाउने।

५०. **धितोलिने व्यक्तिले धितोको सम्पत्ति बेचबिखन गर्न सक्ने :** (१) दायित्वको पालना नभएमा धितोलिने व्यक्तिले कुनै वा सबै धितोको सम्पत्ति बिक्री गर्न, भाडामा दिन, इजाजतमा दिन वा अन्य कुनै पनि तवरले बेचबिखन गर्न सक्नेछ।

(२) धितोको सम्पत्ति एक वा एक भन्दा बढी करारहरु अन्तर्गत सार्वजनिक वा निजी रुपमा बेचबिखन गर्न सकिनेछ।

(३) यस अध्यादेश बमोजिम धितोलिने व्यक्तिको कर्तव्यसँग अनुकुल हुनेगरी धितोको सम्पत्तिको बेचबिखन कुनै पनि समय स्थान वा शर्तमा छुट्टा छुट्टै वा समूहगत रुपमा गर्न सकिनेछ।

(४) धितोको सम्पत्ति छिट्टै सड्ने, गल्ने भई वा सोको मूल्यमा तुरुन्तै गिरावट आउने प्रकृतिको भई सूचना दिन व्यावहारिक नहुने भएकोमा बाहेक धितोलिने व्यक्तिले धितोदिने व्यक्तिलाई धितोको सम्पत्ति सार्वजनिक रुपमा बिक्री गर्ने समय र स्थान वा निजी रुपमा बिक्री वा अन्य कुनै तवरले बेचबिखन गर्ने समयको मुनासिब जानकारी दिनु पर्नेछ।

(५) धितोलिने व्यक्तिले धितोको सम्पत्ति कुनै सार्वजनिक वा व्यक्तिगत बिक्रीको माध्यमबाट खरिद गर्न सक्नेछ।

५१. **बेचबिखनको परिणाम :**(१) बेचबिखनबाट प्राप्त लाभको सम्बन्धमा देहाय बमोजिमको प्राथमिकताक्रम अनुसार भुक्तानी हुनेछ :-

(क) धितोलिने व्यक्तिले कानून व्यवसायीलाई तिरेको मनासिव माफिकको शुल्क र मुद्दा मामिलागर्दा लागेको कानूनी खर्च लगायत धितोको सम्पत्ति पुनः प्राप्तगर्दा, ग्रहणगर्दा, बेचबिखनको तयारी तथा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बेचबिखनगर्दा लागेको मुनासिव माफिकको खर्च,

(ख) धितोको हकबाट सुरक्षित ऋण,

(ग) बेचबिखनबाट प्राप्त लाभको बाँडफाँड गर्नुभन्दा अगावै लिखित अनुरोध प्राप्त भई अधिनस्थ धितोको हक लिने व्यक्तिले त्यस्तो हकको मुनासिब प्रमाण दिएमा धितोको सम्पत्ति उपर रहेको अधिनस्थ धितोको हकबाट सुरक्षित ऋण ।

(२) धितोलिने व्यक्तिले धितोको सम्पत्तिको बिक्रीबाट प्राप्त भई बचत हुन आएको रकम धितोदिने व्यक्तिलाई फिर्ता दिनेछ र अन्यथा सहमती भएकोमा बाहेक नपुग रकमको हकमा धितोदिने व्यक्ति जिम्मेवार हुनेछ ।

(३) दायित्वको परिपालन नभई धितोलिने व्यक्तिले धितोको सम्पत्ति बेचबिखन गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) धितोको सम्पत्ति बेचबिखन हुंदा सो बेचबिखनमा असल नियतले मूल्य तिरी प्राप्त गर्ने प्राप्तकर्ताले त्यस्तो धितोको सम्पत्तिमा रहेको सबै अधिकार, धितोको हक वा अधिनस्थ धितोको हक वा विशेषाधिकार बिना नै सो धितोको सम्पत्ति प्राप्त गर्ने ।

(ख) धितोको सम्पत्तिको स्वामित्वको अभिलेख राख्ने कार्यालयले मूल्य दिई किन्ने सो सम्पत्तिको प्राप्तकर्तालाई नयाँ स्वामित्वको प्रमाणपूर्जा प्रदान गर्दा सो कार्यालयले अनुरोध गरेमा धितो लिने व्यक्तिले कब्जा गर्न पाउने गरी अदालतले दिएको आदेशको ढाँचामा नयाँ स्वामित्वको प्रमाणपूर्जा जारी गर्ने अख्तियारी वा दायित्व पालना नभएमा धितोलिने व्यक्तिलाई


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

कब्जा हस्तान्तरण गर्ने गरी धितोदिने व्यक्तिले गरेको लिखित सम्झौता सो कार्यालय समक्ष पेश गर्ने ।

५२. **धितोको सम्पत्ति रोक्का राख्ने वा नियन्त्रणमा लिने:** (१) दायित्वको पालना नभएमा धितोलिने व्यक्तिले सुरक्षित दायित्व पूर्ण वा आंशिक रुपमा पालना गराउनको लागि धितोको सम्पत्ति रोक्का राख्न वा नियन्त्रणमा लिन प्रस्ताव गर्न सक्नेछ ।

(२) धितोलिने व्यक्तिले धितोदिने व्यक्ति तथा धितोको सम्पत्तिमा रहेको हक सम्बन्धी लिखित दावी प्राप्त गरेको धितोलिने अन्य कुनै व्यक्ति समक्ष उपदफा (१) बमोजिम प्रस्ताव राख्नु पर्नेछ ।

(३) धितोलिने व्यक्तिले उपदफा (२) बमोजिम प्रस्तावको सूचना पाउने हक भएको व्यक्तिबाट त्यस्तो सूचना पठाइएको मितिले एक्काइस दिनभित्र लिखित दावी विरोध प्राप्त गरेमा निजले यस परिच्छेदमा भएको व्यवस्था बमोजिम त्यस्तो धितोको सम्पत्ति बेचबिखन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको म्यादभित्र दावी विरोध प्राप्त नभएमा धितोलिने व्यक्तिले उपदफा (१) बमोजिमको प्रस्ताव अनुसार धितोदिने व्यक्तिको दायित्वको भुक्तानी वा पालन गराउन धितोको सम्पत्ति रोक्का राख्न वा आफ्नो नियन्त्रणमा लिन सक्नेछ ।

५३. **धितोदिने व्यक्तिको धितोको सम्पत्ति निखन्ने अधिकार :** (१) लिखित रुपमा अन्यथा सहमती भएकोमा बाहेक दायित्वको पालना नभई धितोदिने व्यक्ति वा धितोलिने अन्य कुनै व्यक्तिले धितोको सम्पत्तिबाट सुरक्षित सम्पूर्ण दायित्वहरु पूरा गर्दा धितोलिने व्यक्तिले भुक्तानी गरेको मुनासिव कानून व्यवसायी शुल्क र कानूनी कारबाही गर्दा लागेको अन्य खर्च लगायत त्यस्तो धितोको सम्पत्ति पुनः प्राप्त गर्दा, ग्रहण गर्दा, बेच बिखनको तयारी गर्दा वा बेच बिखन गर्दा धितोलिने व्यक्तिले गरेको अन्य मुनासिव खर्चहरु बुझाई धितोको सम्पत्ति निखन्न सक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
529

(२) धितोलिने व्यक्तिले धितोको सम्पत्ति बेचबिखन गर्नुभन्दा अघि वा बेचबिखनको लागि करार गर्नुभन्दा अघि वा दायित्व पूरा हुनुभन्दा अघि धितोको सम्पत्ति निखन्न सक्नेछ ।

५४. **दायित्वको पालना नगरेमा धितोलिने व्यक्तिको दायित्वः** (१) धितोलिने व्यक्तिले यस परिच्छेदका व्यवस्थाहरुको पालना नगरेमा अदालतले उपयुक्त शर्त तथा अवस्थाहरु तोकी सोही अनुसार धितोको सम्पत्तिको बेचबिखन गर्न वा बेचबिखनमा रोक लगाउने गरी आदेश जारी गर्न सक्नेछ ।

(२) धितोलिने व्यक्तिले धितोको सम्पत्ति बेचबिखन गर्दा व्यावसायिक मान्यता अनुरुप मुनासिव तवरले त्यस्तो सम्पत्ति बेचबिखन गर्नु पर्नेछ ।

(३) धितोको सम्पत्ति बेचबिखन भईसकेपछि धितोदिने व्यक्ति वा सूचना पाउने हक भएको व्यक्ति वा बेचबिखन गर्नु अगावै धितोको सम्पत्तिमा आफ्नो हक भएको कुरा धितोलिने व्यक्तिलाई जानकारी गराएको व्यक्तिले यस परिच्छेदका व्यवस्थाहरुको पालना नभएको कारणबाट निजलाई हुन गएको हानि नोक्सानी वापतको क्षतिपूर्ति धितोलिने व्यक्तिबाट भराई लिन पाउनेछ ।

(४) धितोलिने व्यक्तिले छानेको समय तथा तरीकाभन्दा भिन्नै समय वा तरीकामा धितोको सम्पत्ति बिक्री गरिएको भएमा अधिकतम मूल्य प्राप्त गर्न सकिने थियो भन्ने आधारमा मात्र त्यस्तो बिक्री व्यावसायिक मान्यता अनुरुप मुनासिव तरिकाले बेचबिखन नगरिएको भन्ने दावी लाग्ने छैन ।

(५) धितोको सम्पत्ति जुन किसिमको छ त्यसै किसिमका सम्पत्तिका डिलरहरुले अवलम्बन गर्ने प्रचलित व्यावसायिक मान्यता अनुरुप हुने गरी धितोलिने व्यक्तिले धितोको सम्पत्ति बेचबिखन गरेको भएमा त्यस्तो बिक्रीलाई व्यावसायिक मान्यता अनुरुप मुनासिव तरिकाले बिक्री भएको मानिनेछ ।

(६) कुनै कानूनी कारबाहीमा धितोको सम्पत्तिको बेचबिखनको कुनै खास तरीका अपनाई बेच बिखन गर्न स्वीकृति दिइएकोमा त्यसरी भएको बेचबिखनलाई पूर्णतः व्यावसायिक मान्यता अनुरुप र मुनासिव तरिकाले बिक्री भएको मानिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - ६
## कसूर र सजाँय

५५. कसूरः (१) कसैले देहायका कुनै काम गरे गराएमा यस अध्यादेश बमोजिम कसूर भए गरेको मानिनेछ :-

(क) दर्ता कार्यालयमा दाखिला गरिएको सूचनामा जानीजानी झुट्टा विवरण उल्लेख गरेमा ।

(ख) यस अध्यादेश बमोजिम सूचना दर्ता गराउने काममा बाधा पुऱ्याएमा ।

(ग) कुनै पनि व्यक्तिको सम्पत्ति प्रयोग गर्ने, भोग चलन गर्ने, कब्जामा लिने वा सम्पत्ति धितोमां दिने अधिकारमा बाधा पुऱ्याएमा ।

(२) रजिष्ट्रार वा निजको प्रतिनिधिले झुठ्ठा प्रमाणपत्र जारी गरेमा वा दर्ता कार्यालयमा रहेको कुनै पनि अभिलेखलाई नष्ट गरेमा वा गलत बनाएमा निजले यस अध्यादेश बमोजिम कसूर गरेको मानिनेछ ।

(३) यस अध्यादेश बमोजिम कसूर गर्ने कुनै पनि व्यक्तिलाई कसूरको मात्रा हेरी पचास हजार रुपैयाँ देखि पाँच लाख रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(४) कुनै पनि व्यक्तिले धितोको सम्पत्ति आफ्नो कब्जामा रहेको बखत त्यस्तो सम्पत्तिमा हेलचक्र्याई वा लापरवाही गरी हानि नोक्सानी पुरयाउने काम गरेमा निजलाई सो धितोको सम्पत्तिको मूल्यको अनुपातमा जरीवाना हुनेछ र मर्कापर्ने व्यक्तिले हेलचक्र्याई वा लापरवाही गरी हानि नोक्सानी पुऱ्याउने व्यक्तिबाट मुनासिब क्षतिपुर्ति भराई लिन पाउनेछ ।

(५) उपदफा (२) बमोजिमको कसूरबाट हानि नोक्सानी पुग्न गएको व्यक्तिले क्षतिपुर्ति भराई लिन पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

५६. **श्री ५ को सरकार वादी हुने :** (१) यस अध्यादेश अन्तर्गत सजाय हुने मुद्दामा श्री ५ को सरकार वादी हुनेछ र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

(२) यस अध्यादेश अन्तर्गत कसूरको अनुसन्धान र तहकीकात कम्तीमा प्रहरी निरीक्षकले गर्नेछ र निजले त्यस्तो कसूरको अनुसन्धान र तहकीकात गर्दा सम्बन्धित विषयको विज्ञसँग परामर्श गर्न सक्नेछ ।

## परिच्छेद - ७
## संक्रमणकालीन व्यवस्था

५७. **यस अध्यादेश प्रारम्भ हुनुभन्दा अगावै भए गरेका कारोबारहरुः** (१) यो अध्यादेश प्रारम्भ हुनुभन्दा अगावै सम्पन्न गरिएको धितो बन्धकी सम्झौता (हाइपोथिकेसन), प्लेज सम्झौता, हायर पर्चेज सम्झौता वा यस अध्यादेशमा परिभाषित गरिएको मालसामानको पट्टाको सम्झौताका सम्बन्धमा देहाय बमोजिम हुनेछ । यस दफाको प्रयोजनको लागि त्यस्ता कारोबारहरुलाई यो अध्यादेश लागू हुन भन्दा अघि भएका पूर्व कारोबारको रुपमा लिइनेछः-

(क) खण्ड (ख) र (ग) मा अन्यथा व्यवस्था भएकोमा बाहेक त्यस्ता पूर्व कारोबारको वैधता, प्रभाव र कार्यान्वयनको निर्धारण सम्झौता गर्दाका बखत लागू रहेको प्रचलित कानून बमोजिम गरिनेछ ।

(ख) यो अध्यादेश प्रारम्भ हुनुभन्दा अघि सम्पन्न भएका कारोबारद्वारा सिर्जित धितोको हक यो अध्यादेश प्रारम्भ भएपछि सिर्जित धितोको हकसँग बाझिएको हदसम्म यस अध्यादेश बमोजिम सिर्जित धितोको हक मान्य हुनेछ ।

(ग) पूर्व कारोबार अन्तर्गत धितोलिने व्यक्तिले धितोको हकको सूचनाका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धमा अपनाउने परिच्छेद-२ बमोजिमको तरिका अनुसार नै दर्ता कार्यालयले काम प्रारम्भ गरेको मितिले पैंतीस दिनभित्र कारोबारको सूचना दर्ता गराउन सक्नेछ । यस अध्यादेश अन्तर्गत सूचना दर्ता गरी स्थापित परिपक्वताको प्राथमिकता दर्ता कार्यालय स्थापित भएको मितिदेखि गणना गरिनेछ ।

(२) यस अध्यादेशमा अन्यत्र जुनसुकै व्यवस्था गरिएको भएतापनि यस अध्यादेशको अधिकारक्षेत्रभित्र पर्ने कुनै कारोबार यो अध्यादेश प्रारम्भ भएको मिति र दर्ता कार्यालय स्थापना भई सञ्चालन भएको समयको बीचमा सम्पन्न भएको रहेछ भने त्यस्तो कारोबार उपदफा (१) बमोजिमका अधिनमा रही भएको मानिनेछ ।

## परिच्छेद - ८
## विविध

५८. **धितो सम्बन्धी हकको समाप्ती:** (१) सुरक्षित दायित्व बाँकी नरहेमा र धितोलिने व्यक्तिसँग भावी ऋण दिने, दायित्व बहन गर्ने वा अन्य कुनै पनि तवरले मूल्य दिने प्रतिबद्धता नभएमा धितोको हकको समाप्ती हुनेछ ।

(२) बिक्री गरिएको बहीखाता वा सुरक्षित बिक्री करारका सम्बन्धमा दायित्व बहन गर्ने व्यक्तिले दायित्व पूरा गरेपछि धितोको हकको समाप्ती हुनेछ ।

५९. **नियम बनाउने अधिकार :** यस अध्यादेशको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

लालमोहर सदर मिति २०६२।६।७६

आज्ञाले,
डा. कुलरत्न भुर्तेल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

522